**सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।**

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं ।
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं ।
- समय–समयमा सवारीसाधनको मर्मतसम्भार गर्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ असार १८ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 02 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३०४

## नारायणी अस्पतालद्वारा डेढ हजारजनाको निश्शुल्क उपचार

प्रस, वीरगंज, १७ असार/

चालू आवको ११ महीनामा नारायणी



नारायणी अस्पतालमा उपचार गराउँदै बिरामीहरू । तस्वीरः प्रतीक

अस्पतालले एक हजार ५०० भन्दा बढी गरीब, असहाय तथा विपन्न नेपाली नागरिकको निश्शुल्क उपचार गरेको छ।

रकम अभावका कारण कसैको ज्यान जान नहुने नेपाल सरकारको अवधारणा अनुसार नेपाल सरकारले सरकारी अस्पतालमा गरीब, असहायहरूलाई निश्शुल्क उपचार गर्ने व्यवस्था मिलाएको छ।

अस्पतालको सामाजिक सेवा एकाइमार्फत लक्षित १२ समूहका नागरिकको निश्शुल्क उपचार गरिएको बताइएको छ। स्वास्थ्य सेवा मौलिक अधिकारभित्र पर्ने भएकोले सबैले उपचार पाउनुपर्छ भन्ने नेपालको संविधानमा उल्लिखित छ।

सोही क्रममा नारायणी अस्पतालले छुट्टै सामाजिक सेवा एकाइ स्थापना गरी गरीब, असहाय, अपाङ्ग, ज्येष्ठ नागरिक, लैङ्गिक हिंसामा परेका पीडित बालबालिका, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजाति, कुपोषित बालबालिका तथा शहीद परिवारलाई अस्पतालबाट हुने सबैखाले सेवा निश्शुल्क नेपाल सरकारले व्यवस्था गरेको अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले जानकारी दिए। डा सिंहका अनुसार चालू आवको पहिलो चौमासिकमा ३१६ महिला, २२४ पुरुष गरी ५८० जनालाई सेवा प्रदान गरिएको छ। दोस्रो चौमासिकमा ३०३ महिला र २०४ पुरुष गरी ५०७ जनालाई सेवा दिइएको उनले जानकारी दिए।

चालू आवको तेस्रो चौमासिक समाप्त नभए पनि असारको १० गतेसम्ममा पाँच सयभन्दा बढी बिरामीलाई उपचार प्रदान गरिसकेको डा सिंहको भनाइ छ। डा सिंहले गरीब तथा विपन्न नागरिकको उपचारमा १९ लाख रुपैयाँभन्दा बढी खर्च भइसकेको बताए। रकम अभावका कारण रोग लुकाइराख्ने प्रवृत्ति रहेको तराईका जिल्लामा नेपाल सरकारले सञ्चालन गरेको निश्शुल्क उपचारको योजनाले धेरै नागरिकलाई अकाल मृत्युबाट जोगाएको डा सिंहले बताए।

## बजेट विनियोजन समानुपातिक ढङ्गले गर्न माग

प्रस, वीरगंज, १७ असार/

कालिकामाई गाउँपालिका



कार्यालयमा नेकपा एमाले र नेपाली काङ्ग्रेसका नेता, जनप्रतिनिधिले शुक्रवार बिहान ध्यानाकर्षणपत्र बुझाएका छन्।

नेपाली काङ्ग्रेस गापा सचिव रामानन्द ठाकुर, गापा अध्यक्षमा पराजित उम्मेदवार अजय पटेल, नेकपा एमाले गाउँ कमिटी अध्यक्ष अनुप तिवारी, सचिव विजय साह गोढ, वडाध्यक्षद्वय सोनालाल चौरसिया, सञ्जय साहसमेतको टोलीले उपाध्यक्ष राजपति देवी र प्रमुख प्रशासकीय अधिकृत अमित गिरीलाई ध्यानाकर्षणपत्र बुझाएका हुन्।

ध्यानाकर्षणपत्र बुझाउँदै उनीहरूले गापालाई समानुपातिकरूपमा बजेट विनियोजन गर्न सुझाव दिए। उनीहरूले आन्तरिक आयस्रोत र बजेट पारदर्शी गरिनुपर्ने तथा यसअघि गापाले विनियोजन गरेको वडास्तरीय बजेट कायम रहनुपर्ने अडान दोहोऱ्याएका थिए।

कालिकामाई गापामा वडास्तरमा एक करोड ३० लाख विनियोजित हुँदै आएको तर आगामी बजेटमा वडास्तरमा ३० लाख, उपाध्यक्षलाई ५० लाख र अध्यक्षले नौ करोड रकम खर्च गर्ने गरी बजेट ल्याउन लागेकोमा विरोध भएको थियो।

वीरगंजको पूजन होटलमा कालिकामाई गापाका जनप्रतिनिधिहरू बसेको बेला गापा अध्यक्ष वशिष्ठ कलवारले यस्तो योजना प्रस्तुत गरेपछि नेका र एमाले पक्षधर जनप्रतिनिधिहरू विरोधमा उत्रिएका हुन्। उनीहरूले पूर्ववत् बजेट वडास्तरमा विनियोजित गर्नुपर्ने अडान राखेका छन्।

कालिकामाई गापामा नेकाका १३, एमालेका दुई र जसपाका १४ जना जनप्रतिनिधि छन्। गापा अध्यक्ष कुर्मी जसपाबाट निर्वाचित भएका हुन् भने उपाध्यक्ष राजपति देवी नेकाबाट निर्वाचित भएकी हुन्। बहुमत सदस्य नेकपा एमाले र नेकाको रहेको कारण असार १० गते नीति तथा कार्यक्रम प्रस्तुत हुन सकेन। आज ध्यानाकर्षणपत्र बुझाउने क्रममा अध्यक्ष कलवार अनुपस्थित थिए। माग पूरा नभए सशक्त आन्दोलन गर्ने चेतावनी दिइएको छ।

## मानव सेवा आश्रम वृद्धाश्रममा सर्ने

प्रस, वीरगंज, १७ असार/

मानव सेवा आश्रम केही महीनाको



लागि वीरगंज–२५, श्रीसिया खल्वाटोलमा सर्ने भएको छ।

हाल वीरगंज–११ रानीघाटमा रहेको मानव सेवा आश्रममा पर्याप्त कोठाहरू नभएको र उद्धार गरेर मानिसहरूलाई राख्न समस्या भएकोले श्रीसिया खल्वाटोलामा सर्न लागेको हो।

प्रदेशसभा सदस्य रमेशप्रसाद कुर्मीले सो स्थानमा रु छ करोडको लागतमा वृद्धाश्रम निर्माण गराएका छन्। सोही आश्रममा केही महीनाको लागि मानव सेवा आश्रम सञ्चालन हुन गइरहेको हो। प्रदेशसभा सदस्य कुर्मीले डेढ महीना अवधिमा वृद्धाश्रमको सम्पूर्ण निर्माण कार्य सम्पन्न हुने र तत्काल केही महीनाको लागि मानव सेवा आश्रम सञ्चालन हुने बताए। उनले मानव सेवा आश्रम पनि सोही प्रयोजनमा काम गरिरहेको हुँदा आश्रमको नयाँ भवन निर्माण नहुन्जेल अथवा अन्यत्र व्यवस्था नमिलेसम्म केही महीनाको लागि वृद्धाश्रममा सञ्चालन गर्न अनुमति दिएको बताए।

मानव सेवा आश्रमकी सञ्चालिका सानु मानवसेवाले हाल रहेको आश्रममा थप मानवहरूको उद्धार गरेर राख्न स्थानाभावले नवनिर्मित वृद्धाश्रममा मानव सेवा आश्रम सार्न लागेको बताइन्। उनले हाल चारवटा कोठामा महिला र तीनवटा कोठामा पुरुषहरू राखिएको र उनीहरूको सङ्ख्या ६० जना रहेको बताइन्।

वर्तमान अवस्थामा ठाउँ साँघुरो भएर थप मानवलाई उद्धार गरेर राख्न नसकिने भएकोले प्रदेशसभा सदस्य कुर्मीलाई वृद्धाश्रम सञ्चालनमा नआउन्जेल र मानव सेवा आश्रमको भवन र अन्य व्यवस्था नहुन्जेल आश्रम सञ्चालनको लागि गरिएको आग्रह उनले स्वीकार गरेको बताइन्।

मानव सेवा आश्रम निर्माणको लागि वीरगंज महानगरपालिकाले वडा नं १५ मा १८ कट्ठा जग्गा उपलब्ध गराएको छ।

सो स्थानमा भवन निर्माणको लागि पूर्वनगरप्रमुख विजयकुमार सरावगीले शिलान्यास पनि गरेका थिए। भवन निर्माणको लागि आवश्यक रकमको जोहो भइरहेको सानु मानवसेवाले बताइन्। वीरगंज मनपालगायत पर्सा जिल्लाका १४ वटै पालिकालाई आश्रम निर्माणको लागि बजेट विनियोजन गर्न आग्रह गरिएको र आगामी दिनमा आश्रमको भवन निर्माण शुरू गरिने बताइन्।

## मल आउन अझै दुई साता लाग्ने

प्रमोद यादव, पंचगावाँ, १७ असार/

कृषि सामग्री कम्पनीमा मल आउन अझै दुई साता लाग्ने भएको छ। कार्यालय प्रमुख चन्द्र चौलागाईले ओमान र इजिप्टबाट युरिया, डिएपी ६० हजार मेट्रिक टन आइरहेको र सो मल वीरगंज आइपुग्न दुई साता लाग्ने बताएका छन्।

प्रमुख चौलागाईले २० हजार मेट्रिक टन डिएपी र ४० हजार मेट्रिकटन युरिया ओमान र इजिप्टबाट नेपालको लागि हिंडिसकेको र यही असारको अन्तिमसम्म वीरगंज आइपुग्ने बताए। उनले मल आउनासाथ बिक्री वितरण हुने बताए। प्रमुख चौलागाईले कृषि सामग्री कम्पनीमा अहिले मलको मौज्दात नभएको बताए।



तस्वीरः फाइल

साल्ट ट्रेडिङ कम्पनी वीरगंजमा भने दुई हजार बोरा मल मौज्दात छ। कम्पनीका प्रमुख आमोद लामिछानेले डेढ महीनाअघि ११ हजार बोरा डिएपी मल प्राप्त भएकोमा नौ हजार बोरा वितरण भइसकेको र दुई हजार बोरा मौज्दात रहेको बताए। उनले मौज्दात दुई हजार बोरा मल असार १९ गते आइतवारदेखि वितरण गरिने जानकारी गराए। सरकारले मगाएको मल कृषि सामग्री कम्पनीले ७० प्रतिशत र साल्ट ट्रेडिङले ३० प्रतिशत बिक्री वितरण गर्दै आएको छ।

## छोटकरी

### फरार अभियुक्त पक्राउ

प्रस, पंचगावाँ, १७ असार/

पर्सा जिल्ला अदालतबाट ठगी मुद्दामा एक वर्ष कैद र ५० हजार जरिवाना भएपछि फरार भएका एकजनालाई इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले पक्राउ गरेको छ।

प्रहरी निरीक्षक किशोर आचार्य नेतृत्वको टोलीले पटेर्वासुगौली गापा–१ गदियानी निवासी गणेश चौधरीलाई आज बिहान ९ बजे घरबाटै पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

## चट्याङ लागेर एकजनाको मृत्यु, दुईजना घाइते

प्रस, वीरगंज, १७ असार/

बारामा चट्याङ लागेर शुक्रवार एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता राजेश थापाले सुवर्ण गाउँपालिका–७ सनफुलवाका २० वर्षीय युवक धीरजप्रसाद यादवको चट्याङ लागेर मृत्यु भएको बताए। आज दिउँसो खेतमा काम गरिरहेको बेला चट्याङ लाग्दा यादवको घटनास्थलमैं मृत्यु भएको उनले बताए।

सनफुलवाकै २८ वर्षीय नेतालाल पण्डित र आठ वर्षीया कुमारी यादव चट्याङ लागेर घाइते भएका छन्। उनीहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भइरहेको र अवस्था सामान्य रहेको प्रवक्ता थापाले बताए।

## पर्साका तीनवटा पालिकाको नीति तथा कार्यक्रम आउन ढिलो

प्रस, पोखरिया, १७ असार/

पर्सा जिल्लाका चौधवटा पालिकामध्ये तीनवटा गाउँपालिकाले अहिलेसम्म नीति तथा कार्यक्रम प्रस्तुत गर्न सकेका छैनन्।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले असार १० गतेसम्म सबै पालिकालाई नीति तथा कार्यक्रम प्रस्तुत गर्न समयसीमा तोकेको छ। तोकिएको समयसीमामा पर्सा जिल्लाका दशवटा पालिकाले मात्र नीति तथा कार्यक्रम प्रस्तुत गर्न सके। वीरगंज महानगरपालिका, पोखरिया, बहुदरमाई, पर्सागढी नगरपालिका र विन्ध्यवासिनी, सखुवाप्रसौनी, पटेर्वासुगौली, जगरनाथपुर, ठोरी, पकाहामैनपुर गरी छवटा गाउँपालिकाले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए।

जीराभवानी गापाले असार १५ गते हिजो मात्र नीति तथा कार्यक्रम प्रस्तुत गऱ्यो। अहिले कालिकामाई, धोबिनी र छिपहरमाई गापाले नीति तथा कार्यक्रम प्रस्तुत गर्न सकेका छैनन्। कालिकामाई गापामा वडास्तरमा छुट्याइएको




तस्वीरः सौजन्य

बजेटप्रति स्थानीय जनप्रतिनिधिहरूले असन्तुष्टि जनाएको र त्यहाँ नेपाली काङ्ग्रेस र एमालेबीच सहकार्य हुँदा बहुमत सदस्यहरू विरोधमा भएका कारण नीति तथा कार्यक्रम प्रस्तुत हुन सकेको छैन। सो गापामा जसपाका अध्यक्षसहित चौधजना प्रतिनिधि र नेका तथा एमाले गठबन्धनमा पन्ध्रजना प्रतिनिधि भएका कारण नीति तथा कार्यक्रम प्रस्तुत हुन नसकेको हो। अहिले सहमति गरेर नीति तथा कार्यक्रम प्रस्तुत गर्ने तयारी भइरहेको

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**कुलीनताको सबैभन्दा सच्चा गुण दया हो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# सन्धि र उपलब्धि

**कुनै पनि दुई वा दुईभन्दा बढी मुलुकबीच हुने सन्धिको पृष्ठभूमि फरक–फरक हुन्छन् । कुनै एक मुलुकले पराजय स्वीकारेपछि थप कारबाई अगाडि नबढोस् भन्ने उद्देश्यले गरिने सन्धि । यो सशस्त्र युद्धको कुरा मात्रै होइन, फरक मुलुकबीचको निशशस्त्र विभिन्न दाउपेच, स्वार्थ र कूटनीतिमा कुनै मुलुक तल पर्नु तथा शिर निहुर्‍याएर सन्धि–सम्झौता गरिनु पनि एक किसिमको पराजय हो । यस्तो अवस्थामा कमजोरमाथि हाबी हुने मुलुकले आफ्नो स्वार्थअनुकूल सन्धि गर्छ । जुन सन्धि, सम्झौताले एक पक्षलाई अधिक फाइदा पुग्छ र अर्को पक्षलाई दीर्घकालीनरूपमा नकारात्मक असर पुर्‍याउँछ भने त्यो असमान सन्धि/सम्झौता हो । सशस्त्र लडाइँमा देशले जित्न सैन्यशक्ति मजबूत हुनुपर्छ तर निशशस्त्र दाउपेचमा मुलुकले जित्न देशको राजनीतिक नेतृत्व सबल, कुशल, स्वाभिमानी र दूरदर्शी हुनुपर्छ । सन्धि, सम्झौताहरू दुवै पक्षले जित्ने किसिमका पनि हुन्छन् । कुनै लक्ष्यप्राप्तिको लागि एउटा मुलुकले मात्रै सम्भव छैन, त्यहाँ दुई वा दुईभन्दा बढी मुलुकको सहभागितामा सहज हुनेछ भने उक्त प्रयोजनका लागि गरिने सन्धि बहुपक्षीय हितमा समान र सम्मानजनक सन्धि मान्नुपर्छ । यस किसिमको सन्धिले सहभागी मुलुकहरूबीच विकास र समृद्धिको मार्ग प्रशस्त गर्छ ।**

**हाम्रो मुलुकले पनि विभिन्न कालखण्डमा विभिन्न सन्धि, सम्झौताहरू गरेको छ । सोमध्ये बहुअपेक्षित र विवादित महाकाली सन्धि पनि एक हो । नेपाल र भारतबीच भएको महाकाली सन्धि दुवै मुलुकलाई फाइदा पुग्ने समान र सम्मानजनक भनेर गरियो । तर सन्धि भएको करीब २५ वर्षपछि बल्ल नेपालतर्फ महाकाली सिंचाइ आयोजनाले वर्षायामको लागि मात्रै सिंचाइ पानी पाएको छ । सो पानी पाउन पनि नेपालले ठूलै रस्साकस्सी गर्नुपर्‍यो । सन्धिमा समेटिएको पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत् आयोजनालगायत काम भने हालसम्म अगाडि बढ्न सकेको छैन । कुल २८ हजार हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा उपलब्ध गराउने उक्त सन्धि भारतले निर्माण गरिदिनुपर्ने नहर निर्माणमा विलम्बको कारण अलपत्र छ । सन्धि अनुसार भारतले दोधारा–चादानी नगरपालिकामा समेत सिंचाइका लागि ३५० क्युसेक पानी उपलब्ध गराउनुपर्ने हो । तर त्यहाँ पनि भारतले नेपाल–भारत सिमानासम्म बनाउनुपर्ने नहर निर्माण गरेको छैन । महाकाली सन्धिपछि सुदूरपश्चिम नेपालको भाग्य चम्किने सपना देखाइएको थियो । त्यो केवल सपनामा सीमित छ ।**

**मुलुकले गरेका अधिकांश सन्धिमा हामी झुकेको अनुभूति भइरहेको छ । नेपाल र अङ्ग्रेजबीच सुगौली सन्धिको दुष्परिणाम हालसम्म नेपालीले भोग्दैछ । त्यसैगरी, सन् १९५० को सन्धिको भारी नेपालले चाहेर नचाहेर पनि बेहोर्नुपरिरहेकै छ । २००७ सालको त्रिपक्षीय दिल्ली सम्झौताले त राजाको सल्लाहकार पनि विदेशी र मन्त्रिपरिषद्को निर्णय गर्ने थलोमा समेत विदेशीको उपस्थिति रहने व्यवस्था गरेको थियो । २००७ देखि २०१७ सालको अवधिमा कोशी र गण्डक असमान सम्झौताहरू भए । २०४६ सालको परिवर्तनपछि टनकपुर तथा एकीकृत महाकाली सन्धि गरियो । यसैको उपज महाकाली नदीको उद्गमस्थलबारे विवाद रोपिएको छ । यी सारा सन्धि, सम्झौता राष्ट्रहितमा भइदिएको भए आज मुलुक समृद्ध भइसक्ने थियो । यसैगरी, चीन, अमेरिकालगायतसँग भएका सन्धि, सम्झौताहरू पनि प्रतिफलमुखी नदेखिएकाले सन्धि, सम्झौता भन्ने बित्तिकै तर्सने अवस्थामा मुलुक पुगेको छ ।**

# वैज्ञानिक समाजवादको प्रमुख समस्या– अवसरवाद

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

> **सबैखाले मानव निर्मित शोषणविरुद्ध वर्गविहीन समाजको परिकल्पनामा लागेका साम्यवादी लक्ष्य भेदन गर्न हिंडेका समाजवादी यात्रीहरू झन्डै सत्तरी वर्षपछि फेल खाए । संसारभरबाट समाजवाद बालुवाको महलझैं गर्ल्याम्मगुर्लुम्म ढल्न पुग्यो ।**

नेपाली समाजले परिवर्तनको निकै लामो कालखण्ड पार गरेको छ । जहानियाँ तथा घरानिया शासनविरुद्ध जनताले चलाएको झन्डै पौन एक सय वर्षको लामो लडाइँमा अझै पनि जनताले विजयश्री हात पार्न सकेको छैन । रूपमा हेर्दा राणाहरू गए, पञ्चहरू गए, निरङ्कुश एक दलीय पञ्चायत गयो, कथित प्रजातन्त्र पनि आयो र गयो; हुँदाहुँदा राजतन्त्र समाप्त भएर सङ्घीय लोकतान्त्रिक गणतन्त्र पनि आएको सोह्र वर्ष भइसकेको छ । यति भएर पनि नेपाली आम जनताको अवस्थामा खासै सुधार हुन सकेको देखिँदैन । भन्नलाई थुप्रैचोटी व्यवस्थाहरू बदलिए तर जनताको अवस्था आजसम्म कहिले बदलेको छैन । किन होला ?

विगत व्यवस्थाहरू परिवर्तनको काममा लागेका थुप्रै नेताहरूको अवस्था फेरिएको छ तर जनताको अवस्था फेरिएन किन ? यो प्रश्नको उत्तर यस व्यवस्थाका ठेकेदारहरूले चित्तबुझ्दोगरी दिन सकेका छैनन् । उनीहरू जनताको अवस्था फेरिन नसक्नुको कारणमा एक अर्कालाई दोषारोपण गर्ने गरेको सबैले सुनेकै हो । यदाकदा उनीहरू दक्षिण र उत्तरका शक्तिशाली राष्ट्रहरूलाई समेत यसको जवाफदेहिता दिन भ्याउने गरेका छन् । अझैं संसारकै शक्तिसम्पन्न साम्राज्यवादी राष्ट्रको नाङ्गो हस्तक्षेपलाई समेत बेलाबेलामा यिनीहरूले इङ्गित गर्ने गरेका छन् । नेपालीहरूको अवस्था नफेरिनुको कारण विदेशी शक्ति राष्ट्रहरू हुन त ?

मानिस आशामा बाँच्ने सामाजिक प्राणी हो । जति दुःख कष्ट आइलागे पनि मानिस एक दिन त राम्रो हुन्छ भन्दै आशा लिएर हाँसी–हाँसी दुःख कष्ट झेल्न खप्पिस भइसकेको छ । मानिसहरूसँग यो आशा आजदेखिको होइन जतिबेला जङ्गली युगमा मानिसहरू बाँच्ने गर्थे त्यो बेलाको मानव समाजमा प्राकृतिक दुःखभन्दा अरू कुनै दुःख थिएन । न उनीहरूसँग प्राकृतिक खुशीभन्दा अरू कुनै खुशी नै थियो । वास्तवमा त्यतिबेला मानिससँग न कुनै छल थियो न प्रपञ्च नै । न झूट थियो न कुनै नक्कली कुरा । जे थियो सबै प्राकृतिक मात्रै थियो । सबै कुरा प्रकृतिले नै उत्पादन गर्थ्यो र मानिसहरू केवल त्यसको उपयोग मात्रै गर्दथे । त्यतिखेर मानिससँग निजी भन्ने कुनै कुरा थिएन । न कसैको आफ्नो जङ्गल थियो, न कुनै पहाड, न कुनै नदी न कुनै जमीन । मानिसहरू आफ्नो आवश्यकता अनुसार उपभोग गर्थे र अगाडि बढ्थे । तर यो समय सधैंभरि रहन सकेन । जङ्गलभित्र बढ्दै गएको मानिसहरूको आबादी र घट्दै गएको खानेकुरा, विभिन्न क्षेत्रमा रहेका जङ्गलहरूमा विभिन्न मानव समूहसँग खानेकुराकै लागि हुने लडाइँ आदिले उपभोगका कारण मानिसको स्वतन्त्रता हनन हुने वातावरण बिस्तारै बन्दै थियो । सामूहिक जीवनभित्र बिस्तारै कबिलाकै नाममा भए पनि व्यक्तिगत कुराको भ्रूण जन्मँदै थियो । हो यहींबाट मानिसहरूले निकै लामो समयका लागि दुःख उत्पादन गर्ने निजी चीजहरूको उत्पत्ति गर्दै थिए । शुरूशुरूमा ती निजी चीजहरूले तत्कालीन अवस्थामा मानिसहरूलाई सुख दिएको अनुभूति गराए पनि वास्तवमा तिनै निजी चीजहरूले हजारौं वर्षसम्म मानिसलाई दुःखको भुमरीमा निस्सासिएर मार्ने गरी आफ्नो अवस्था तयार पार्दै गरेको कुरा अनुभूत गर्न कसैले सकेको थिएन र त्यो बेलामा सक्ने कुरा पनि थिएन ।

कबिलाहरूको आपसी द्वन्द्वले सबैभन्दा पहिले मानिसहरूको स्वतन्त्रता समाप्त पार्‍यो । जितेको कबिलाले हारेको कबिलाका सदस्यहरूलाई कि त मारेर समाप्त गर्थे कि अलि कमजोरहरू महिलाहरू र बच्चाहरूलाई आफ्नो दासको रूपमा प्रयोगमा ल्याउन थालेका थिए । यसरी मानव समाज जो उत्पत्तिकालदेखि स्वतन्त्र भएर विकसित हुँदै आइरहेको थियो उनीहरू अब स्वतन्त्रता हनन भएका दासहरू एकथरी, तथा तिनै दासका मालिकहरू अर्काथरी भएका समाजको निर्माण हुँदै थियो ।

स्वतन्त्रता सबैलाई मनपर्ने विषय हो । स्वतन्त्रता मन नपराउनेहरू केवल मालिक मात्र हुन्छन् किनभने सबै स्वतन्त्र भए मालिकलाई मालिक कसले भन्ने ? मालिकहरू मालिकको रूपमा कसरी रहिरहने ? यसकारण विगतमा थुप्रै दासहरूले विद्रोह गरेको मानव इतिहास छ तर मालिकहरूले ती दास विद्रोहहरूलाई क्रूरतापूर्वक दबाएको पनि इतिहास छ । मानव इतिहासमा सबैभन्दा क्रूरतापूर्वक मानिस भएर मानिसको हातबाट यातना खाएको अवस्था पनि यही दास व्यवस्था नै हो । यतिबेला दास मालिकहरू निहत्था दासलाई जङ्गली बाघ भालुसँग लडेर तिनलाई जित्नुपर्ने वा तिनकै पञ्जाबाट आफू मारिनुपर्ने खेल खेलाएर आनन्दित हुने परम्परा नै चलेको थियो । दुईवटा बलिया दासहरूलाई हातमा एक–एक वटा भाला दिएर एकले अर्कोलाई मार्नुपर्ने खेल पनि सयकडौं वर्षसम्म युरोपमा नभएको होइन ।

यसरी मानिसको इच्छा जब अप्राकृतिक ढङ्गले अगाडि बढ्न खोज्छ तब समाजभित्र अनेकौं आपत्–विपत् आउन थाल्छ । मानिसभित्र निजी इच्छाले प्रश्रय पाउँदै गएपछि हिजोका दासहरू मालिकहरूबाट मुक्तिको लागि थुप्रै लडाइँहरू लडे तर उनीहरूलाई मुक्तिको नाममा भूदासको रूपमा प्रयोग गरियो । रूपमा हेर्दा दासहरू मालिकहरूको प्रताडना र विभिन्न प्रकारका अमानवीय यातनाहरूबाट मुक्त भएकोजस्तो देखियो तर वास्तवमा उनीहरू जमीनको दासको रूपमा परिवर्तित हुन पुगे । दास मालिकहरू जहाँ सामन्तको भूमिकामा देखा परे, राजा–महाराजा र सम्राट्को भूमिकामा देखा परे त्यही दासहरू भूमिहीन किसान, गरीब, किसान र खेतीहर मजदूरको रूपमा देखा परे । वास्तवमा किसानहरू अझै पनि भूदास नै थिए । राजा–महाराजाहरूविरुद्ध संसारभरि किसान आन्दोलन चल्यो र देखा परे व्यापारीहरू । घरघरमा गएर वस्तु विनिमय गरी हिंड्ने व्यापारीहरू नै पछि ठूल्ठूला उद्योगपतिको रूपमा देखिए जहाँ किसानहरूलाई मजदूर र सर्वहाराको भूमिकामा अगाडि बढ्न बाध्य पारियो ।

दासत्वबाट उठेको मुक्ति आन्दोलन मजदूरहरूको कारखानासम्म आइपुग्दा समाजवादी विचारसँग जम्काभेट हुन पुग्यो । सबैखाले मानव निर्मित शोषणविरुद्ध वर्गविहीन समाजको परिकल्पनामा लागेका साम्यवादी लक्ष्य भेदन गर्न हिंडेका समाजवादी यात्रीहरू झन्डै सत्तरी वर्षपछि फेल खाए । संसारभरबाट समाजवाद बालुवाको महलझैं गर्ल्याम्मगुर्लुम्म ढल्न पुग्यो र यसको जड कारण जनताभन्दा नेताहरूमा देखिएको निजी सुखसुविधा नै हो । कम्युनिस्ट पार्टी भन्नूस् अथवा समाजवाद वा वैज्ञानिक समाजवाद । यस प्रकारको आन्दोलनको अगुवाइ गर्ने नेतापङ्क्ति नै अवसरवादमा रूपान्तरण हुने परम्परा निकै लामो देखिएको छ । यही एक कारण हो जसले गर्दा अहिले संसारमा एकाध बाहेक कुनै पनि कम्युनिस्ट पार्टीको सरकार कहीं छैन । नेपालमैं घोर दक्षिणपन्थी बाटोमा लागेका नेपालका संसदीय धारका नेताहरू आफूलाई कम्युनिस्ट भन्न रुचाउँछन् जबकि तिनीहरू सबका सब अवसरवादी तथा दलाल पूँजीवादी व्यवस्थाका दलाल मात्रै हुन् । हालसम्मको नेपाल कम्युनिस्ट पार्टीहरूको चरित्र हेर्दा कुन नेता तथा पार्टी कति बेला अवसरवादमा रूपान्तरण भइहाल्ने हो भन्न गाह्रो छ ।

# बिजुली बेचेर प्राधिकरणले एक महीनामा कमायो एक अर्ब ७२ करोड

काठमाडौं, १७ असार/रासस

गरे के हुँदैन । केही वर्षअघिसम्म नेपाल आफैं चरम लोडसेडिङमा थियो । बिजुली खरीद गरेर ल्याउँदासमेत दैनिक १८ घण्टासम्म लोडसेडिङ हुन्थ्यो ।

प्राधिकरणाभित्र मौलाएको अराजकता नियन्त्रण हुनुको साटो थप विस्तारित भएको थियो । नागरिक चरम अँध्यारोमा बस्न बाध्य थिए । औद्योगिक क्षेत्र ध्वस्त थियो । नेपालमा उद्योग स्थापना गर्नुभन्दा पैसा बैंकमा राखेर ब्याज लिनु नै सबैभन्दा उत्तम विकल्प हुन्थ्यो ।

पछिल्ला पाँच वर्षमा नेपालको ऊर्जा क्षेत्रमा गुणस्तरीय परिवर्तन भयो । रुग्ण अवस्थामा रहेका आयोजना एकपछि अर्को गर्दैं निर्माण सम्पन्न भए । ठूला क्षमताका प्रसारण लाइन पनि निर्माण सम्पन्न भए । झन्डै रु ३५ अर्ब बराबरको सञ्चित घाटा भएको नेपाल विद्युत् प्राधिकरणको मुनाफा मात्रै वार्षिक रु १२ अर्ब बढी हुन थाल्यो ।

पछिल्ला आर्थिक वर्षमा त सरकारी संस्थानमध्ये सबैभन्दा बढी नाफा कमाउने संस्थानका रूपमा प्राधिकरण स्थापित भएको छ । आन्तरिकरूपमा बिजुली बिक्री तथा वितरण गर्दैं प्राधिकरण अब योजनाबद्धरूपमा बिजुली निर्यात गर्ने अवस्थामा पुगेको छ ।

गत वर्षको लक्ष्मी पूजाको दिनदेखि ३९ मेगावाट बिजुली भारत पठाएर व्यापार शुरू गरेको प्राधिकरणले गत जेठ १९ अर्थात् जून २ तारिखदेखि दैनिक ३६४ मेगावाट बराबरको बिजुली भारत निर्यात गरेको छ । प्राधिकरणले भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) मार्केटमा प्रतिस्पर्धी दरमा खुद रु एक अर्ब ७२ करोड ३० लाख बराबरको विद्युत् बिक्री गरेको छ । पछिल्लो एक महीनाको विवरण हो यो । प्राधिकरणले आगामी छ महीनासम्म बिजुली बिक्री गर्नेछ ।

प्राााधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् गत १९ जेठदेखि आइएक्समा बिक्री शुरू गरेको थियो । शुरूमा दुईवटा विद्युत् गृहको ३९ मेगावाट विद्युत् दैनिकरूपमा आइएक्समा बिक्री गरिएको थियो । त्यसपछि २७ जेठदेखि दैनिकरूपमा ३६४ मेगावाट विद्युत् भारतीय बजारमा प्रतिस्पर्धी दरमा बिक्री हुँदै आएको छ ।

नेपाल विद्युत् प्राधिकरणले भारतको विद्युत् मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणबाट छवटा जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई स्रोत मानी ३६४ मेगावाट विद्युत् आइएक्स मार्केटमा बिक्री गर्न स्वीकृति पाएको छ ।

जेठ र मध्य असारसम्म हेर्दा मात्रै १७ करोड ८१ लाख ९१ हजार युनिट विद्युत् भारतीय बजारमा बिक्री गरिएको छ । प्राधिकरणले यस अवधिमा भारतमा बिक्री गरेको विद्युत्बाट सम्पूर्ण शुल्क कटाएर खुदरूपमा रु एक अर्ब ७२ करोड ३० लाख कमाएको छ ।

जून महीनामा प्रतिस्पर्धी बजारमा बिक्री गरिएको विद्युत्को औसत प्रतियुनिट दर नौ रुपियाँ ६७ पैसा छ । आइएक्समा २४ घण्टालाई १५–१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत्को कारोबार गरिन्छ । त्यसैले हरेक ब्लकको मूल्य फरक–फरक हुने गरेको छ ।

प्राधिकरणले यस अवधिमा विद्युत् बिक्रीको औसत दर सबैभन्दा बढी १५ जून (१ असार)मा पाएको छ । त्यस दिनको प्रतियुनिट औसत दर १५ रुपियाँ ९३ पैसा थियो । सबैभन्दा कम औसत दर २१ जून (७ असार)मा थियो । त्यस दिन औसत दर प्रतियुनिट चार रुपियाँ ९२ पैसा थियो ।

यस अवधिमा ३ जून (२० जेठ)मा सबैभन्दा कम रु ५६ लाख ६७ हजारको विद्युत बिक्री गरिएको छ । त्यस दिन नौ लाख आठ हजार युनिट विद्युत् बिक्री गरिएको थियो । सबैभन्दा बढी १४ जून (३१ जेठ)मा रु सात करोड २८ लाखको विद्युत् बिक्री भएको छ । त्यस दिन ७८ लाख १३ हजार ३०० युनिट विद्युत् बिक्री गरिएको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नेपालले गत वर्षबाट शुरू गरिएको भारतीय प्रतिस्पर्धी बजारमा विद्युत् व्यापार यस वर्षबाट थप प्रभावकारीरूपमा अगाडि बढेको बताए ।

“जून महीनामा निर्यात गरिएको विद्युत्को परिमाण र त्यसबाट प्राप्त भएको बिक्री मूल्यलाई हेर्दा भारतसँगको विद्युत् व्यापार प्रभावकारीरूपमा अगाडि बढेको छ, विदेशी मुद्रा सञ्चितिको चाप परिरहेको हालको अवस्थामा देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् बिक्री गरी विदेशी मुद्रा आर्जन गर्न सफल भएका छौं,” कार्यकारी निर्देशक घिसिङले भने, “यसबाट नेपालको भारतसँगको व्यापार घाटालाई केही कम गर्न र देशको सोधानान्तर बचतमा समेत योगदान पुग्नेछ ।”

उनले चालू आवमा करीब रु पाँच अर्ब र आगामी वर्षमा करीब रु २० अर्बको विद्युत् निर्यातको प्रक्षेपण गरिएको बताए । उनले भारतसँगको विद्युत् व्यापारले नेपालको जलविद्युत्को विकासमा ठूलो सहयोग पुग्ने बताए । पहिलो प्राथमिकता देशभित्रै विद्युत् खपत गर्ने र त्यसका लागि प्रसारण र वितरण प्रणालीका पूर्वाधार संरचनामा राज्यले अझै लगानी बढाउनुपर्ने देखिएको घिसिङले बताए ।

“मुख्यरूपमा औद्योगिक ग्राहकबाट भोल्टेजका कारणले छिनछिनमा लाइन ट्रिपिङ हुँदा भरपर्दो र गुणस्तरीय विद्युत् नपाएको गुनासो आउने गरेको छ, प्रायः वर्षायाममा हुने यस्ता समस्या समाधान गर्न देशभरि नै प्रसारण तथा वितरण प्रणाली संरचनाको सुधार, विस्तार र स्तरोन्नति अभियानकै रूपमा चलाइएको छ, यसको नतीजा अब बिस्तारै देखिने छ,” उनले भने ।

गत चैतमा प्रधानमन्त्री शेरबहादुर

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## पुनरोदय होला त गौरको गौरवको ?

राजनीतिक इतिहासमा धेरै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको रौतहटको सदरमुकाम गौरको साहित्यिक इतिहासमा पनि विशिष्ट भूमिका रहेको देखिन्छ । जतिखेर देशमा भर्खर प्रजातन्त्र आएको थियो, त्यत्तिखेर देशमा साहित्यको विकास भइरहेको थियो । देशमा प्रजातन्त्र ल्याउन नै अतिविशिष्ट बलिदान दिएको गौरले प्रजातान्त्रिक वातावरण बनाउन साहित्यमार्फत पनि ठूलो भूमिका खेलेको थियो ।

विगत त विगत नै भयो, कोट्याएर केही हुँदैन भन्नेहरू पनि छन् तर विगतको धरातलमा वर्तमान अडेको छ । वर्तमानको धरातलबाट विगत झिकिदिने हो भने वर्तमान त कहाँ भासिन्छ कहाँ ? के कुनै निश्चित छ र वर्तमानको ? कसैले वर्तमानबाट वर्तमान नै झिकिदियो भने वर्तमान कहाँ रहन्छ ? गणितको सूत्रमा जीवनलाई बुझ्नेहरूले बताउलान् । जीवनलाई वर्तमान मान्ने, भूत मान्ने, भविष्य मान्ने, के मान्ने हामीमा निर्भर रहन्छ । कुनै पनि मान्दिनँ भन्न पनि नपाइने होइन तर ठेस लाग्दा दुःखकै हुनुपर्छ । बिरामी पर्दा औषधि खाएकै हुनुपर्छ । आवश्यक पर्दा सहयोग लिएकै हुनुपर्छ । यसले जीवन वर्तमान हो, विगत हो र भविष्य पनि हो भन्ने दर्शाउँछ । तब किन गौरको विगतको गौरवको स्मरण नगर्ने ?

गौरको नामकरण कसरी भयो, यो यहाँ कोट्याउनु सान्दर्भिक नहोला । गौर कहिले र कसरी वा कुन परिस्थितिमा सदरमुकाम बन्न पुग्यो भन्ने पनि कुनै अर्को सन्दर्भमा आउने कुरो हो तर गौरको समग्र इतिहासको एउटा खण्ड त यहाँको साहित्यिक वातावरण पनि हो । अहिले गौर मरुभूमि बनेको छ । मरुभूमि साहित्यको क्षेत्रमा बनेको छ । गौर त साहित्यिक मरुभूमिको राजधानी पनि बनेको छ भन्ने कुरो वर्तमान गौरले बुझेको छ कि छैन ? साँच्चिकै गौरले आफ्नो अनुहार साहित्यिक ऐनामा हेरोस् त, नेपालको कुनै जिल्लाको सदरमुकाम यतिको अनुर्वर साहित्यिक वर्तमानमा आफूलाई उभ्याएको होला ? जिल्लामा वा जिल्लाबाहिर हुने साहित्यिक कार्यक्रमहरूमा गौरको नाम कहीं पनि किन आउँदैन ? यस विषयमा वर्तमानको ऐनाले बताउँला ? हो, यसै अर्थमा पनि विगत पनि महत्त्वपूर्ण छ । वर्तमानमा गौर साहित्यिक दृष्टिकोणले मरुभूमि हुनुमा वर्तमानले मात्र आफूलाई सङ्कुचितरूपमा हेर्नु उचित छैन । विगतको पनि दोष छ ।

हुनत साहित्य वा कुनै पनि प्रतिभा भन्ने तत्त्व व्यक्तिमा अन्तर्निहित हुन्छ । तर यसलाई प्रस्फुटित हुने वातावरण बनाउनुपर्छ । कुनै जमानामा गौरमा साहित्यिक वातावरण थियो । बिस्तारै हराउँदै गयो । हराउँदै गएको साहित्यिक वातावरणलाई हेर्ने दृष्टि र दृष्टिकोण नै भएन कि ?

महाकवि लक्ष्मीप्रसाद देवकोटा र प्रसिद्ध प्रगतिवादी लेखक श्यामप्रसाद शर्मा गौरको साहित्यिक कार्यक्रममा सहभागी भएको इतिहास छ । कलाकुञ्ज पुस्तकालयमा त महाकवि देवकोटाको हस्ताक्षर र श्यामप्रसाद शर्माको हस्ताक्षर नै सुरक्षित थियो । कुनै कुनै वर्तमान जे अहिले विगत कहलाउँछन्, ले कम्तीमा सुरक्षित राख्ने प्रयास गरेका भए वर्तमानको वर्तमानले आफूलाई निरन्तरता दिइरहन्थ्यो होला । समय भनेको वर्तमानको निरन्तरता हो र यही वर्तमान हिजोमा थियो, आजमा छ तथा भोलिमा रहनेछ । हिजोमा विगत, आजमा वर्तमान र भोलिमा भविष्य कहलाउने समय बितिरहेको क्षणलाई मात्र अन्तिम सत्य ठान्दा भूल हुन जान्छ ।



स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com


गौरले कुनै जमानामा नेपाल र भारतका प्रसिद्ध साहित्यकारहरूलाई सम्मान गरेको छ । आतिथ्य प्रदान गर्ने अवसर दिएको छ । साहित्यकारहरूले पनि नेपाल र भारतमा गौरको गौरव बढाएका छन् । पञ्चायती व्यवस्थामा




पनि गौर पूर्णतया निरस थिएन । देशमा पुनः प्रजातन्त्र प्राप्त भएपछि गौरको साहित्यिक गौरव जुर्मराएको थियो । गौरले रौतहटरश्मि नै निकालेको थियो । फेरि कलाकुञ्जले आफ्नो प्रकाशनलाई निरन्तरता दिएको थियो । कलाकुञ्जले कार्यक्रमको आयोजन गर्ने गरेको थियो । रौतहटरश्मिले प्रतिभालाई चिनाउने तथा प्रस्फुटनको अवसर दिएको थियो । स्थानीय लोकसाहित्य, भाषा, नेपाली साहित्य तथा समग्रमा प्राज्ञिक वातावरण बनाएको थियो तर अप्रत्याशित हुन्डरीले गौरलाई मरुभूमि बनाइदियो । कतिपयले त गौरलाई मरुभूमि बनाउने काम नियन्त्रित थियो भन्ने आरोप पनि नलगाएका होइनन् ।

गौरको साहित्यिक बाली सखाप भएको छ । बाली सखाप पार्नु पुरुषार्थ होइन । कुनै विशेष परिस्थितिमा किसानले बाली सखाप पार्छन् पनि तर त्यसबाट विशेष उपलब्धि हासिल हुने अपेक्षा हुन्छ । साहित्यिक बिरुवा सखाप पारेर अर्को बिरुवा लगाउन सकिएको छैन । यस कारण गौरको गौरवमय साहित्यिक, सांस्कृतिक तथा लोक वाङ्मयिक वातावरणको बारेमा अहिले कसैलाई थाहा नै छैन । वा थाहा भएपनि खासमा प्रस्फुटन भएको देखिन सकिएको छैन ।

गौरले आफ्ना कतिपय गौरवलाई आफूमा सजाएर राखेको छ, सम्हालेर राखेको छ । ती गौरवहरूलाई पनि प्रकाशित गरिनु आवश्यक छ । हैनभने कतिपय अवस्थामा त्यत्तिकै सजाएर, सम्हालेर राखेको सामग्री बिग्रेर, कमजोर भएर जान्छ र कहिलेकाहीं त सखाप भएर पनि जान्छ । यदि प्रयोगमा आउन थाल्छन् भने पुराना सामग्री पनि राम्रा हुन थाल्छन् ।

गौरले यदि अलिकति मात्र टाउकोलाई उठाएर कलैया, वीरगंज, मलङ्गवा र अन्य शहर तथा सदरमुकामतिर हेरोस् त, त्यहाँ साहित्यिकारहरू पनि देखिन्छन् । विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा ठेगाना लेख्दा आफ्नो ठाउँको नाम लेख्दछन् । पुस्तक कृति प्रकाशित हुँदा कृतिकारको पुस्तकसँगै ठाउँको नाम पनि जान्छ । साहित्यकारहरूलाई बोलाउँछन्, सम्मान गर्छन् । साहित्यिक संस्था वा सङ्गठन छन् । गौरमा किन हुँदैन वा छैन ? जबसम्म गौर यस्ता पक्षप्रति उत्तरदायी हुँदैन, तबसम्म गौरको आसपासको क्षेत्रमा यस्तो वातावरण बन्दैन । यसबाट यो पनि स्पष्ट हुन्छ कि गौरले केही नगरेर रौतहटले खासै केही गर्न नसकेको हो । गौरले केही गर्छ भने त्यसको अनुकरण अरूले पनि गर्छन् । गौरको काम गौरले गर्ने हो भने गौरवको प्रकाशले अन्य ठाउँ पनि प्रकाशवान् हुन्छन् । भाषा, साहित्य, कला तथा समग्र वाङ्मयको क्षेत्रमा गौरले गौरव गर्ने वर्तमान उमार्न कम्तीमा अहिलेदेखि नै माटो बनाउने, बिरुवा छर्ने काम गर्नुपर्दछ । गौरको गौरवमय इतिहासको पुनरोदय गराउने काममा गौरले आफूलाई सक्रिय बनाउनुपर्दछ । वर्तमान समयलाई अनुकूल बनाउनु सर्वथा उचित हुन्छ ।

कुनै पनि समाजमा त्यस समाजको गौरव बढाउने धेरै क्षेत्र हुन्छन् । ती क्षेत्रमध्ये एक साहित्य पनि हो । भौतिक पूर्वाधार र अन्य विकास जति जरुरी छ, भाषा, साहित्य र कलाको विकास पनि उत्तिकै जरुरी छ । रौतहटसित सिमाना जोडिएको मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडा जो अहिले वाग्मती प्रदेशको राजधानी पनि भएको छ, मेरो नजरमा साहित्यको राजधानी हो । म हेटौंडा छँदा नै हेटौंडालाई साहित्यको राजधानी मान्दथें र मकवानपुरको एउटा गाउँ छतिवनलाई देशको साहित्यको ग्रामीण राजधानी भन्दथें । आज धेरैले यो मान्न थालेका छन् ।

रौतहटको सदरमुकाम भन्नु चाहिं रौतहटमा रहेका जिल्लास्तरका सरकारी कार्यालयहरूको मुख्यालय हुनु हो । गौरलाई यो गौरव वर्तमानमा नैसर्गिकरूपमा प्राप्त छ । यस अवस्थामा यहाँको भाषा, साहित्य र कलासित परिचित भइरहने काम निरन्तर हुँदा गौरको गौरव झन् बढ्ने हुन्छ । विगतमा कलाकुञ्ज वा रौतहटरश्मि सक्रिय हुँदा धेरै सरकारी कर्मचारी पनि यसको साहित्यिक हिस्सा हुने गरेका थिए । साहित्यिक हिस्सासले गौरको गौरव बाहिरसम्म बढ्ने गरेको थियो । गौरको साहित्यिक आलोकमा आलोकित कतिपय व्यक्तित्वहरू अझै पनि प्रसङ्गवश सोध्ने गर्छन्– गौरको अवस्था अहिले कस्तो छ ? "तपाईको समाचार कस्तो छ ?" भन्ने प्रश्नको उत्तरमा जसकसैले सजिलै भन्ने गरेको "ठीक छ" भनेजस्तै उत्तर दिंदा पनि प्रश्न सोध्नेले बुझ्ने के होला भन्ने अनुमान लगाउन अप्ठ्यारो छैन । त्यत्ति बेला सम्भवतः प्रश्नदाता र उत्तरकर्ता दुवैको भित्री हृदयमा उदय हुँदो हो– पुनरोदय होला त गौरको गौरवको ?

एकजनाले भन्दै थिए – इतिहासको प्रसव हेर्ने इच्छा छ ।

## यसरी बनें मोटरसाइकल मिस्त्री

उनले काठमाडौंमा १५ वर्षभन्दा बढी मोटरसाइकल रिपेयरिङको काम गरें । झन्डै डेढ वर्षदेखि वीरगंज राधेमाईमा उनको वर्कशप सञ्चालनमा छ । तर उनी काठमाडौं छाडेर वीरगंज किन आए ? वर्कशपको नाम 'काठमाडौं रिटर्न मोटरसाइकल रिपेयरिङ वर्कशप' राख्नुको कारण के हो ? भारत, बिहार हर्दिया पञ्चायत-९ गम्हरियाका महम्मद इन्तजार हुसेनसँग भएको संवादको सङ्क्षिप्त अंश प्रस्तुत छ–

महम्मद इन्तजार हुसेन
(मोटरसाइकल मिस्त्री)

गाउँका बालबालिकाहरूसँगै म पनि सधैं विद्यालय जान्थें । छुट्टी भएपछि घर फर्कन्थें, खाजा खान्थें र गम्हरिया नहर चोकमा दाइको मोटरसाइकल वर्कशपमा जान्थें । खेलखेलमा हावा भर्ने, ब्रेक मिलाउने, पन्चर टाँस्नेलगायत सामान्य प्राविधिक कुरा सिक्दै थिएँ ।

आठजनाको हाम्रो परिवार एक्लो बुवाको आम्दानीमा निर्भर थियो । बुवा वर्षौंदेखि काठमाडौंको एउटा गार्मेन्ट उद्योगमा सिलाइको काम गर्थे । पर्वको बेला बुवा घर आएका थिए । काठमाडौंमा मोटरसाइकल वर्कशप खोल्नेबारे बुवा र दाइबीच छलफल भयो । दाइ इम्तियाज हुसेन बुवासँगै काठमाडौं लागे । क्षेत्रपाटीको ढल्कोमा घर भाडामा लिएर 'इम्तियाज मोटरसाइकल रिपेयरिङ वर्कशप' सञ्चालन गरे ।

दाइ काठमाडौं गएपछि मलाई विद्यालय जाने र साथीहरूसँग खेल्नेबाहेक काम थिएन । पढाइभन्दा बढी साथीभाइहरूसँग समय बित्न थाल्यो । उमेरसँगै कक्षा उक्लिदै गएँ । कक्षा दशको परीक्षा दिएँ र दुईवटा विषयमा फेल भएँ । सोही बेला बुवा कामविशेषले घर आएका थिए । फेल भएको भन्दै बुवाले आफूसँग काठमाडौं लिएर जाने कुरा अम्मीसँग भनेका रहेछन् । काठमाडौं जाने कुरा सुनेर मेरो खुशीको सीमा थिएन ।

झन्डै १५/१६ वर्षको उमेरमा अब्बासँग काठमाडौं गएँ । दाइको वर्कशपमा तीन/चारजना समकक्षी केटाहरू काम गर्दथे । उनीहरूसँगै म पनि काममा जोतिएँ । बिहान वर्कशपको सटर खुलेसँगै भ्याइ नभ्याइ हुन्थ्यो । दाइसँग काम गर्दै अभ्यस्त हुन थालें । दाइले इन्जिनको काम गर्दा म ध्यानपूर्वक हेर्थें । पछि दाइको निर्देशन अनुसार आफैं इन्जिन खोल्न थालें भने फिटिङ दाइले गर्दथे । बिस्तारै दाइको निगरानीमा इन्जिन खोल्ने देखि फिटिङको काम गर्न थालें । कहिलेकाहीं दाइ घर आउँदा वर्कशपको जिम्मेवारी मेरो काँधमा हुन्थ्यो । एक दिन दाइले भने–"इन्तजार, अब तिमी दक्ष मोटरसाइकल मिस्त्री भयौ ।" दाइको कुराले म औंधि खुशी भएँ । दाइको मुखबाट यस्तो कुरा सुन्नु मेरो लागि सर्टिफिकेट पाउनु सरह थियो । यसरी बनें म मोटरसाइकल मिस्त्री ।

दाइको बिहे भइसकेपछि एक दिन बुवाले भने–"इम्तियाज, परिवारमा तिमीहरू दुईजना मोटरसाइकल मिस्त्री छौ । यसो गर, तिमी वीरगंजमा वर्कशप खोल । घरको देखभाल पनि हुन्छ । यहाँको वर्कशप इन्तजारको जिम्मा देऊ ।" त्यसपछि दाइ वीरगंज र म काठमाडौंको वर्कशप सञ्चालन गर्न थालें । ईद र बकरीदलगायत पर्वमा घर आउन पाइन्थ्यो ।

**भूकम्प**

विसं २०७२ वैशाख १२ गते शनिवारको दिन थियो । बिहानको नास्ता गरेर दुई/चारवटा गाडीको काम गरिसकेपछि चेलाहरूसँग खाना पकाउने कुरा गरिरहेको थिएँ । सोही बेला धर्ती हल्लिन थाल्यो । यो के हुँदैछ ? चारैतिर कोलाहल मच्चियो । घरहरू भत्कन थाले ।


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


मेरो वर्कशपभन्दा करीब सय मिटर दूरीमा रहेको एउटा छ तल्ले भवन ठूलो आवाजसहित भग्नावशेषमा परिणत भयो । एकै परिवारका छजना च्यापिए । केही बेरपछि दोस्रो तथा त्यसपछिका पराकम्पले काठमाडौंको माहोल त्रसित भयो । डरले म पनि घर फर्किएँ ।




काठमाडौं शहरको अवस्था सामान्य हुन थाले पछि फेरि गएँ । वर्कशपको काम सन्तोषजनक थिएन । भूकम्पको बेला घर गएका चेलाहरू फर्केर आएनन् । सबै काम एक्लै गर्थें । कामको चापले गुटखा खाने बानी लाग्यो । बिस्तारै भोक मर्न थाल्यो । दिन प्रतिदिन वजन घट्न थाल्यो । मेरो हालत देखेर बुवाले एकदिन चिकित्सकलाई देखाए । उपचार भयो निको भएँ ।

यसैबीच घरबेटीले आफ्नै व्यवसाय गर्ने भन्दै कोठा खाली गर्न भने । घरबेटीले कोठा खाली गर्न दिएको १५ दिनको समयभित्र कतै कोठा पाइएन । बाध्य भएर वर्कशपको सबै समान प्याक गरी एकजना परिचितकहाँ राखिदिएँ ।

म र बुवा कोठा खोज्न जान्थ्यौं । कतै नपाइने । चिन्तामग्न बुवा सिलाइ काम छाडेर दिनभरि कोठा खोज्दै हिंड्थे । हाम्रो दैनिकी कोठा खोज्नमा बित्न थाल्यो । तनावले निद्रा र भोक लाग्न छाड्यो ।

लगभग एक महिनाको सङ्घर्षपछि डल्लुको चौतारा मन्दिर नजीक गल्लीमा कोठा पाइयो । त्यतिबेला हृदय कति हर्षित थियो, वर्णन गरेर साध्य छैन । दुई महिनाको अग्रिम भाडा दिएर प्रतिमहीना छ हजार भाडामा कोठा लिएँ । केही समयपछि सेवाग्राहीको चाप बढ्न थाल्यो । काम जम्न थालेपछि घरबेटीले कोठा खाली गर्न भन्न थाले । छ वर्षको लिखित सम्झौताको बावजुद वर्ष दिन नपुग्दै कोठा खाली गर्नुपर्‍यो । नुवाकोटका एकजना मोटरसाइकल मिस्त्रीले एक लाख अग्रिम र आठ हजार प्रतिमहीनाको लालच दिएपछि घरबेटीले कोठा खाली गराएको रहस्य पछि थाहा भयो ।

**कोरोना**

सन् २०१५ मा मेरो बिहे भयो । विवाह भएपछि काठमाडौं गएँ । डल्लुको झोलुङ्गे पुल नजीक प्रतिमहीना पन्ध्र हजारमा कोठा भाडामा लिएँ । वर्कशप जता गए पनि पुराना सेवाग्राही पुगिहाल्थे । कारोबारले गति नलिदै कोरोनाको कहर आयो । कोरोनाको त्रासले वातावरण भयभीत थियो । भोलिदेखि लकडाउन हुने घोषणा भएपछि काठमाडौं बस्नुभन्दा घर जानु उपयुक्त ठानें । हेटौंडाका एकजना साथी बेलुकी हेटौंडा जाँदै थिए, मलाई पनि सँगै लिएर जान तयार भए ।

बल्खुदेखि देउराली हुँदै हेटौंडा जान प्रस्थान गर्‍यौं । अँध्यारो र उकालो–ओरालो बाटोमा मानिसहरूको ताँती यस्तो थियो मानौं खोलामा पानी बगिरहेको होस् । काखमा बच्चा र शिरमा भारी बोकेर हिंडिरहेका महिला, पुरुष र बच्चाहरूको बिजोग थियो । हामी चढेको मोटरसाइकलले उकालो–ओरालो बाटोमा लोड लिइरहेको थिएन । म मोटरसाइकल मिस्त्री भए पनि औजारबिना गडबडी ठीक गर्न असमर्थ थिएँ । जसोतसो सिस्नेरी आइपुग्दा एउटा पिकअप जिप काठमाडौंबाट हेटौंडातर्फ आइरहेको थियो । चालकले गाडीमा बस्न अनुमति दिए र हेटौंडासम्म आएँ ।

हेटौंडा आइपुग्दा राति लगभग साढे एघार बजिसकेको थियो । सुनसान रातमा कुकुरहरू भुकिरहेका थिए । डरले म अँध्यारोबाट उज्यालोतर्फ अघि बढिरहेको थिएँ । चोकमा पुगें । मलाई एक्लै देखेर प्रहरीहरू कराउँदै नजीक आए । धेरै प्रश्न र केरकार गर्न थाले । मैले सारा वृत्तान्त सुनाएँ । प्रहरीहरूले लकडाउन छ, चोकमा बस्न पाईंदैन भनिरहँदा सिस्नेरीमा पिकअप गाडीमा चढेको साथी आइपुग्यो । ट्रक फाट्टफुट गुडिरहेका थिए । धेरै अनुनय-विनय गरेपछि एक ट्रकमा चढेर बिहान तीन बजे वीरगंज गण्डक नहर आइपुगें । त्यसपछि जसोतसो रक्सौल पुगें ।

एक/दुई महीनापछि भाडाको लागि घरबेटीको फोन आउन थाल्यो । संसार नै लकडाउनको मार खेपिरहेका बेला घरबेटीलाई कुनै मतलब थिएन । जसरी पनि कोठा भाडा पठाऊ भन्थे । लकडाउन खुलेपछि म काठमाडौं आउँछु र भाडा तिर्छु भन्नुबाहेक मसँग उत्तर थिएन । कामधन्दा बन्द गरी घरमा बस्दा मानसिक अवस्था कस्तो भएको थियो, वर्णन गरेर साध्य छैन । यद्यपि के सन्तोष थियो भने म मात्र होइन, संसार नै कोरोनाको संत्रास र लकडाउनको मार खेपिरहेको छ ।

आठ महीनापछि माहौल सहज हुन थालेपछि म काठमाडौं गएँ । घर भाडाको १ लाख साठी हजारमध्ये जसोतसो ४३ हजार दिएँ । यति लिएपछि घरबेटीले सबै पैसा चुक्ता गर्न कर गर्न थाले । घरबेटीको किचकिचले वर्कशप बेचिदिने मनसाय बनाएँ । अन्ततोगत्वा दुई लाख ६० हजारमा वर्कशप बेंचे । वर्कशप, सुत्ने कोठा तथा अन्य बाँकी बक्यौता तिरेपछि सत्तरी हजार हातमा आयो । म घर फर्कें ।

(बाँकी अन्तिम पातामा)


# द्रोण पर्व–८३



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

अर्जुन र भीमसेनले आफूसाथ रथीहरूको ठूलो डफ्फा लिएर तपाईंको सेनाको दक्षिण र उत्तर भागमा घेरा हाले। ती दुई वीरहरूलाई त्यहाँ उपस्थित देखेर सात्यकि र धृष्टद्युम्न पनि त्यहाँ आइ पुगे। भूरिश्रवाको वधबाट अश्वत्थामा धेरै चिढिएका थिए, उनले सात्यकिलाई आइरहेको देखेर उनलाई मार्ने निश्चय गरेर उनीमाथि धावा गरे। यो देखेर भीमसेनका पुत्र घटोत्कच क्रोधित भएर शत्रुसेनालाई रोके। घटोत्कचको रथ फलामबाट बनेको थियो। त्यसमा आठवटा पाङ्ग्रा थिए। त्यो रथ धेरै ठूलो र भयङ्कर थियो। त्यसै रथमा बसी घटोत्कच अश्वत्थामातिर हानिए।



एक अक्षौहिणी राक्षसी सेनाले त्यस रथलाई चारैतिरबाट घेरामा राखेका थिए। कसैको हातमा त्रिशूल थियो त कसैको हातमा मुग्दर, कसैले हातमा चट्टान बोकेका थिए त कसैले जरासमेत रूख उचालेका थिए। घटोत्कच प्रलयकालीन दण्डधारी यमराजझैं लागिरहेका थिए। उनले उचालेको महान् धनुष हेरेर जम्मै राजाहरू भयले आत्तिएका थिए। ती भीमकाय राक्षस पर्वतको समान अग्लो थिए, ठूल्ठूला दाह्राको कारण उनको मुख विकराल तथा भयङ्कर देखिँदै थियो। ठाड्ठाडा कान, लामो थुतुनो, मास्तिर उठेका लामा कपाल, भयावह आँखा, चम्किलो मुख, भित्र धसेको भुँडी–यस्तै थियो उनको हुलिया। घाँटीको प्वाल यस्तो थियो मानौं कुनै गहिरो खाडल होस्। टाउकोमा कपाल ढाक्नेगरी मुकुट पहिरेका थिए। उनी मुख बाएर उभिएका यमराजको समान सम्पूर्ण प्राणीलाई त्रास पुर्‍याइरहेका थिए। शत्रु उनलाई हेर्ने बित्तिकै व्याकुल हुन्थे। राक्षसराज घटोत्कचलाई हातमा धनुष लिएर आइरहेको देखेर दुर्योधनको सेनामा हल्ली–खल्ली मच्यो, सबै भयले व्याकुल भए। ती राक्षसको सिंहनादबाट अत्यन्त भयभीत भएर हात्तीहरू मूत्रत्याग गर्न थाले। मानिसहरूलाई व्यथा हुन थाल्यो। अनि त त्यहाँ चारैतिरबाट ढुङ्गाको वर्षा आरम्भ भयो।

रात्रि हुनाको कारण त्यति बेला राक्षसहरूको बल धेरै बढेको थियो। उनीहरूले फलामे चक्र, भुसुण्डी, प्रास, तोमर, शूल, शतघ्नी र पट्टिस आदि अस्त्र–शस्त्र बर्साउन थाले, बडो नै भयङ्कर सङ्ग्राम थालियो। त्यसलाई हेरेर कौरव पक्षका राजाहरू, तपाईंका पुत्रहरू तथा कर्णलाइ पनि धेरै कष्ट भयो। सबै यत्र–तत्र भाग्न थाले। त्यति बेला एक मात्र अभिमानी वीर अश्वत्थामा अविचलित आफ्नो ठाउँमा डटिरहे। उनले घटोत्कचले रचेको राक्षसी मायाजाल आफ्नो बाणले नष्ट पारिदिए।

आफ्नो राक्षसी मायाजाल नष्ट भएको देखेर घटोत्कचको क्रोधको सीमा रहेन, उनले भयङ्कर बाणहरू प्रहार गरे। ती जम्मै बाण अश्वत्थामाको शरीरमा छिर्‍यो। अनि अश्वत्थामा पनि क्रोधित भएर घटोत्कचमाथि दशवटा बाण हाने। यसबाट उनको मर्मस्थानमा ठूलो चोट लाग्यो। अत्यन्त पीडित भएर घटोत्कचले हातमा एउटा भयङ्कर चक्र लिएर अश्वत्थामामाथि हाने तर अश्वत्थामाले बाण हानेर चक्रलाई टुक्राटुक्रा पारिदिए। त्यो चक्र व्यर्थ भएर भूमिमाथि झर्‍यो। यो हेरेर घटोत्कचले बाणवर्षा गरेर अश्वत्थामालाई आच्छादित पारिदिए। यत्तिकैमा घटोत्कचका छोरा अञ्जनपर्वा त्यहाँ आइपुगे। उनले अश्वत्थामालाई पर्वतले आँधी–बेहरी रोकेझैं रोकिदिए। अनि अश्वत्थामाले एउटा बाणबाट अञ्जनपर्वाको ध्वजा, दुईटा बाणबाट रथको सारथि, तीनवटा बाणबाट त्रिवेणुक, एउटा बाणबाट धनुष र चारवटा बाणबाट चारवटै घोडा मारिदिए। रथहीन भएर उनले तरबार उचाले तर द्रोणकुमार अश्वत्थामाले आफ्नो बाणबाट त्यसको पनि दुई टुक्रा पारिदिए। अनि अञ्नपर्वाले गदा हाने तर त्यसलाई पनि अश्वत्थामाले आफ्नो बाणले काटिदिए। अनि त अञ्जनपर्वा प्रलयकालीन मेघको समान गर्जना गर्दै आकाशमा उडेर गई त्यहाबाट वृक्षहरूको वर्षा गर्न थाले। यो हेरेर अश्वत्थामा त्यस मायावीलाई बाणबाट आक्रान्त पार्न थाले। अनि अञ्जनपर्वा तल ओर्लेर पुनः अर्को रथमाथि गई बसे। यसै बेला अश्वत्थामाले अञ्जनपर्वालाई मारिदिए।

आफ्नो महाबली पुत्रलाई अश्वत्थामाको हातबाट मारिएको हेरेर घटोत्कच रिसले मुर्मुरिएर अश्वत्थामा छेउ गई भने–द्रोणकुमार, म ती पाण्डवपुत्र हुँ जो कहिल्यै युद्धबाट पाइला पछि सार्दैनन्। राक्षसहरूको राजा हुँ र महान् रावणको समान मेरो बल छ। तिमी यस युद्धबाट जिउँदै जान सक्दैनौ। आज म तिम्रो युद्ध गर्ने हौसला मेटिदिनेछु। यति भनेर आँखा रातो पार्दै महाबली राक्षस अश्वत्थामातिर झम्टेर उनीमाथि बाणवर्षा गर्न थाले तर अश्वत्थामाले ती जम्मै बाण व्यर्थ पारिदिए। यस प्रकार अन्तरिक्षमा मानौं एक अर्कै सङ्ग्राम चलिरहेको थियो। दुवैतिरका बाणहरू एकआपसमा ठोकिंदा त्यहाँ आगोको झिल्को निस्कन्थ्यो, जुन त्यस प्रदोषकालमा आकाशको बीच जूनकिरीझैं देखिन्थ्यो। क्रमशः..

# रक्त र रक्तसञ्चार



वाटिका

डा शिवशङ्कर यादव


shivshankaryadav3398@gmail.com

**पिचकारीको पिस्टल दाबेर मानिसमाथि रङ्गको बौछार गरिन्छ। पिस्टल जुन बलले ठेलिन्छ त्यो सिस्टोलिक ब्लडप्रेसर हो। अब पिचकारी खाली हुन्छ र त्यही पिस्टल तानेर फेरि त्यसमा रङ्ग भरिन्छ। जुन बलले पिस्टललाई माथि तानिन्छ त्यो डायस्टोलिक प्रेसर हो।**

**रक्तेप्लास्म नामकः कश्चन जीवरसः भवति।**

हो म त्यही जीवरसको वर्णन गर्न गइरहेको छु जसलाई रगत भनिन्छ। उपरोक्त श्लोकमा एउटा शब्द आएको छ : प्लास्म। म कसरी यो मान्न सक्छु कि आयुर्वेदलाई रक्तको चाल, चरित्र र गतिबारे जानकारी थिएन ? किनभने प्लास्म शब्द जस्ताको त्यस्तै अङ्ग्रेजीको ब्लडमा आयेको छ। ब्लडको दुई भाग हुन्छ : पहिलो खाँटी द्रव हो जसलाई प्लाज्मा भनिन्छ र संस्कृतमा प्लास्म। यो ठीक योगको योगाजस्तै प्लास्मबाट प्लाज्मा भएको हो। प्लास्म, श्लेष्म आदि शुद्ध संस्कृत शब्द हुन्। ग्रीकको आइमाबाट हेम वा हेमा बनेको हो जसको मतलब हुन्छ रातो। ग्लोबिन भनेको एउटा प्रोटिन हो। दुवै मिलेर हेमोग्लोबिन वा लाल रक्तकण वा रेडब्लड सेल्स बन्छ। यो रक्त अनवरत शरीरमा चौबीसै घण्टा परिभ्रमण गरिरहन्छ जसलाई रक्तसञ्चार भनिन्छ। तर रक्तसञ्चारको यो प्रक्रिया पश्चिमका वैज्ञानिकलाई थाहा थिएन। सर्वप्रथम यस कुराको पत्ता गैलिलियो र शेक्सपियरको समकालीन चिकित्सक विलियम हार्भेले लगाए, जसले १५ वर्षको उमेरमैं, आफ्नो मेधाको बलमा क्याम्ब्रिजको मेडिकलमा भर्ना भइसकेका थिए।

रक्त शरीरको त्यो जीवन रस वा तत्त्व हो जो निरन्तर प्रवाहित भएर बाटोमा आउने कोष–कोषमा प्राण वायु अक्सिजन पुर्‍याउने र कोष–कोषबाट कार्बनडाइआक्साइड र अन्य विजातीय पदार्थ, फर्कंदा आफूसँगै बगाएर बाहिर निकाल्ने काम गर्छ। अब प्रश्न उठ्छ कि कसरी हुन्छ यो काम ? शरीरमा रक्तसञ्चारको दुई प्रणाली हुन्छ : एउटाले केवल अशुद्ध रक्त ढुवानी गर्छ र अर्कोले मात्र शुद्ध रक्त ढुवानी गर्छ। पहिलोलाई शिरा प्रणाली र दोस्रोलाई धमनी प्रणाली तथा दुवैलाई एक साथ रक्तसञ्चार प्रणाली भनिन्छ। सूक्ष्म र ठूला सबै धमनी र शिरा एक साथ जोडियो भने उसको लम्बाइ साठ हजार माइल वा एक लाख किमी हुन्छ जसले सम्पूर्ण संसारलाई दुई चोटी बेर्न सक्छ। शरीरमा ३८ ठूला शिरा हुन्छ। शिराको व्यास १ मिमिदेखि १.५ सेमीसम्म हुन्छ। सबैभन्दा ठूलो धमनीलाई एओर्टा भनिन्छ जुन ढाडको अगिल्तिर एक फुट लामो र १ इन्च व्यासको हुन्छ। जसरी ढल र खानेपानीको पाइप एकै साथ फिट गरिन्छ त्यसरी नै यो शरीरमा एकै साथ फिट गरिएको हुन्छ र एउटामा मात्र अशुद्ध तथा अर्कोमा मात्र शुद्ध रक्त विपरीत दिशामा बग्ने गर्छ। अब शहरको खानेपानीको टंकीको कल्पना गर्नुस्। एउटा पाइपबाट पानी टंकीमा जान्छ। त्यो पाइप शिरा भयो। त्यही टंकीको पानी अर्को विभिन्न पाइपहरूबाट घरघरमा पुर्‍याइन्छ। यो अर्को पाइप धमनी हो। अब कल्पना गर्नुस् कि टङ्कीको अशुद्ध पानी अझ शुद्ध गर्न एउटा अर्को टङ्कीमा जान्छ र त्यसबाट फेरि पहिलो टङ्कीमा आई पानी वितरण हुन्छ। शरीरमा एउटा टङ्की हृदय र अर्को अतिरिक्त टङ्की दुईटा फोक्सोको रूपमा हुन्छ। हृदयको टङ्की एउटा पर्खालले बायाँ र दायाँ बाँडिएको हुन्छ। सबै अशुद्ध रक्त हृदयरूपी टङ्कीको दायाँ भागमा जम्मा हुन्छ। फेरि त्यसलाई शुद्ध पार्न फोक्सोमा पठाइन्छ। फोक्सोमा रगतबाट कार्बनडाइअक्साइड सोसेर अक्सिजन दिइन्छ, अनि रगत शुद्ध हुन्छ। यो शुद्ध रक्त फेरी उही टङ्की हृदयको बायाँ भागमा ल्याइन्छ। बीचको पर्खालले शुद्ध र अशुद्ध रक्तलाई एकापसमा मिसिन दिंदैन। अब यो शुद्ध रक्त धमनीद्वारा शरीरको कोष–कोषमा पुर्‍याइन्छ। यसका लागि शरीरमा मोटो–पातलो धमनीको जाल बिछ्याइएको हुन्छ। त्यस्तै शिराको पनि जाल सम्पूर्ण शरीरमा हुन्छ। यसरी ढल र खानेपानी सरह सँगसँगै दगुर्ने शिरा र धमनीमा रक्तप्रवाह निरन्तर दोहोरिइरहेको हुन्छ। यसै सटीक प्रक्रियाको विलियम हार्भेले पहिलोपल्ट पत्ता लगाए। यसलाई नदी र नहरको उदाहरणबाट पनि बुझ्न सकिन्छ।



विभिन्न खोला र नदीहरू एक आपसमा मिल्दै गङ्गामा र गङ्गा समुद्रमा मिल्छ। शिराहरू पनि सानो–ठूलो एक आपसमा मिल्दै हृदयरूपी गङ्गामा र फेरि फोक्सोरूपी समुद्रमा जान्छ जहाँ रगत शुद्ध हुन्छ। एउटा ठूलो डैमबाट ठूलो सानो नहर–नहरी र कुलो हुँदै खेतखेतमा पानी पुगेर धानको बिरुवाको सिञ्चन गर्छ। यही प्रक्रिया हृदयरूपी डैमबाट विभिन्न ठूलो–सानो अनेक धमनी हुँदै रक्त कोष कोषमा पुग्छ र सिंचन गर्छ। अतः यहाँ खोला र नदी शिरा तथा नहर र कुलो धमनी भयो। सबैभन्दा सानो वा सूक्ष्म शिरालाई भेन्युल्स र त्यस्तै सबैभन्दा सानो अथवा सूक्ष्म धमनीलाई आर्टरीओल भनिन्छ। यही सूक्ष्म भेन्युल्स र आर्टरीओल कोषभित्र जान्छ। हृदयले एक मिनटमा ५ लिटर, एक घण्टामा २८० लिटर, एक दिनमा ७२०० लिटर तथा एक वर्षमा २६,६८,००० लिटर रक्त शरीरमा पम्प गर्छ। रक्तको दुई भाग हुन्छ : द्रव र ठोस। रक्तलाई बग्न दियो भने जमेर यी दुवै भाग प्रस्ट देखिन्छ र कसैले पनि यी दुवैलाई सजिलै ठम्याउन सक्छ। ठोस भागमा लाल रक्तकण, श्वेत रक्तकण र प्लेटलेट भनेर तीन भाग हुन्छ। लाल रक्तकण कोष–कोषमा अक्सिजन पुर्‍याउने काम र श्वेत रक्तकण बाहिरी रोगाणु र अन्य शत्रुसँग लडाइँ गर्छ, मार्छ र खाइदिन्छ। प्लेटलेटले रक्तको थक्का जमाई काटिएको ठाउँबाट अतिरिक्त रक्त बग्न दिंदैन। लाल रक्तकणको सङ्ख्या ४ देखि ५,५०,००० प्रति क्युबिकमिमी, श्वेत रक्तकणको सङ्ख्या ४ देखि ११००० प्रति क्युकिमिमी र प्लेटलेटको सङ्ख्या दुई देखि चार लाख प्रतिक्युबिकमिमी हुन्छ। लाल रक्तकण कम भए त्यसलाई एनेमिया, श्वेतकण कम भए ल्युकोपेनिया र प्लेटलेट कम भए थ्रोम्बोसाइटोपेनिया भनिन्छ। ७० केजी वजनको वयस्क शरीरमा ८ लिटर रक्त हुन्छ। यो शरीरको सम्पूर्ण वजनको ७ प्रतिशत हुन्छ भने प्रत्येक वर्गमिटरमा २.९ लिटर हुन्छ। रक्त पानीभन्दा ५ गुणा बढी बाक्लो हुन्छ। लाल रक्तकणमा न्युक्लियस हुँदैन। द्रव भागलाई प्लाज्मा भनिन्छ। प्लाज्मामा ९८ प्रतिशत पानी र बाँकी ठोस हुन्छ। ठोसमा आर्गेनिक, इनआर्गेनिक पदार्थ र ग्याँस पाइन्छ। आर्गेनिकमा : ग्लोबुलिन, फिब्रिनोजिन, ग्लुकोज, ट्राइग्लिसराइड, फस्फोलिपिड, एमाइनोएसिड, हार्मोन्स र विभिन्न प्रकारका इन्जाइम हुन्छ। इनआर्गेनिकमा : सोडियम, पोटासियम, कैल्सियम, कार्बोनेट, थायोसल्फेट, आयोडाइड, आइरन र कापर हुन्छ भने ग्याँसमा अक्सिजन, कार्बनडाइक्साइड र नाइट्रोजन हुन्छ। यसरी रक्तको विस्तारित कार्य : कोषमा आक्सिजन पुर्‍याउने, कार्बन र विजातीय पदार्थ कोषबाट ल्याउने, हार्मोन र इन्जाइम परिवहन गर्ने, वाटरवैलेन्स बनाइराख्ने, अम्ल र क्षारको सन्तुलन र टेम्परेचर रेगुलेट गर्ने कामका साथै केही न्युट्रिशन स्टोर गर्ने र बाहिरी शत्रु वा रोगाणुसँग लड्ने काम हुन्छ। बच्चा, मोटो र महिलामा ब्लड भौल्युम कम हुन्छ। उमेर बढ्दै जाँदा यो पनि बढ्दै जान्छ। यो ब्लड भौल्युम थाइरायडको कमी र लिभरको बिमारीमा बढी तथा डायरिया र थायरायडको अधिकता आदिमा कम हुन्छ। ब्लड भौल्युमको नियन्त्रण ब्रेनको हाइपोथैल्मस भन्ने भागले गर्छ। श्वेतकणमा : न्युट्रोफिल, वेसोफिल, इस्नोफिल, मोनोसाइट, मास्टसेल्स, लिम्फोसाइट सेल आदि कैयौं सबक्लास हुन्छ, जसको जीवनकाल र कार्य अलग–अलग हुन्छ। औसतन श्वेतकणाको जीवनकाल केही घण्टादेखि ३ वा ४ महीनासम्मको हुन्छ। लिम्फोसाइटः टी र वी दुई प्रकारको हुन्छ जसले शरीरको प्रतिरोधक शक्ति बढाउँछ। टी सेलको निर्माण नवजात बच्चामा घाँटीमा मौजुद थाइमस ग्रन्थिमा र पछि वी सेलको सँगसँगै लिभर र हाडमा हुन्छ। टी सेलमा : हेल्पर टी, किलर टी, सप्रेसर टी र मेमोरी टीहरू हुन्छन् जसले आफ्नो नाम अनुसार नै काम गर्छन्। अर्थात् टी सेलले रोगाणुहरूलाई खान्छ। त्यसमा हेल्परले सहायता गर्छ, कीलरले खानलाई पहिले नै मारी दिन्छ। मेमोरी टी सेलले सम्झना राख्छ कि अमुक रोगाणुले पहिले पनि आक्रमण गरेको थियो कि थिएन ? वी सेल : प्लाज्मा सेल र मेमोरी सेलमा विभक्त हुन्छ। यी सबै पनि अलग तरीकाले काम गर्छन् जसरी यिनका नाम छन्। मुख्यतः यी सबै शरीरमा प्रवेश गरेका कीटाणु र यहाँसम्म कि कैंसर सेलसम्मलाई खाइदिन्छन्। प्लेटलेटको काम रगतमा थक्का जमाउनु हो। जब शरीरको कुनै भागबाट रगत बाहिर निस्कन्छ तब यो त्यहाँ पुगेर रगतको थक्का बनाई एउटा यस्तो प्लग बनाइदिन्छ कि अरू रगत बग्न पाउँदैन। यो थक्का रक्तप्रवाहमा अथवा शरीरभित्र हुँदैन।

ब्लडग्रुप चारवटा हुन्छ : ए, बी, एबी र ओ। एबीले आफूबाहेक अरू कसैलाई ब्लड डोनेट गर्न सक्दैन जबकि ओले सबैलाई ब्लड डोनेट गर्न सक्छ। तर बढी सुरक्षाका लागि बिरामीको आफ्नै ग्रुपको ब्लड दिने गरिन्छ।

अब केही ब्लडप्रेसरबारे जानौं। कुनै पनि वस्तु वा द्रव जब जुन बलले कुनै वस्तुसँग ठोकिन्छ तब त्यस बललाई त्यस वस्तुको प्रेसर भनिन्छ। ब्लड पनि जुन बलले धमनीमा ठोकिन्छ त्यस बललाई ब्लडप्रेसर भनिन्छ। यो ब्लडप्रेसर दुई प्रकारको हुन्छ : सिस्टोलिक र डायस्टोलिक। सिस्टोलिकको मतलब हृदयले थिचिने बेलाको बल हो। त्यसपछि हृदय आपसेआप फैलिन्छ, जसलाई डायस्टोल र त्यस प्रेसरलाई डायस्टोलिक

(बाँकी पाँचौं पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल

(राधामाधव स्वामी)

मूर्ली बगैंचा, वीरगंज

You can win भन्ने पुस्तकमा शिव खेडा भन्छन्– सफल मानिसले फरक काम गर्दैन तर फरक तरीकाले काम गर्छ। मानौं दुवैले रूख काट्ने काम गर्छन्। मेशिनजस्तो काम गर्ने मानिस एउटा रूख काट्छ फेरि अर्को रूख काट्छ तर सचेत मानिस एउटा रूख काटेपछि आफ्नो बन्चरोमा धार लाउँछ अनि मात्र अर्को रूख काट्छ। सचेत मानिसले प्रत्येक रूख काटेपछि बन्चरोमा धार लगाउने भएकोले मेशिनजस्तो मानिसभन्दा उसको कार्यदक्षता बढी हुन्छ।

सचेतना जीवनभरि चलिरहने प्रक्रिया हो। हाम्रो सम्पूर्ण जीवन सचेतनायुक्त हुनुपर्छ। यो विशेष अवस्था र विशेष समयमा मात्र गरिने क्रिया होइन। सचेतनायुक्त अवस्था जीवनमा गरिने सबै किसिमका कामको लागि उपयोगी छ। सचेतनायुक्त अवस्था सधैं र सबै ठाउँमा उपयोगी हुन्छ। यो दैनिक व्यावहारिक वा आध्यात्मिक जीवनमा समेत उपयोगी हुन्छ। जति मात्रामा मानिसमा सचेतना बढ्दै जान्छ, त्यतिकै मात्रामा मानिसले उचित निर्णय गर्दै जीवनलाई सुगम बनाउन सक्छ। कुनै पनि क्रिया हुनुभन्दा पहिले मनले निर्णय लिनुपर्ने हुन्छ। एक एक शब्द बोल्नुभन्दा पहिले मनले निर्णय लिन्छ। जो सचेत हुन्छ, उसले उचित निर्णय लिन्छ। उसले एकदम ठीक निर्णय लिन्छ नभए पनि समय, परिस्थिति र ठाउँ हेरेर कमसेकम उचित निर्णय लिन्छ। सचेत अवस्थाको मानिसको मुखबाट सुमधुर कोमल वाणी निस्कन्छ तर जो सचेतनायुक्त हुँदैन उसको मुखबाट पटकपटक रूखो वचन निस्कन्छ। रूखो वचनले जीवनमा दुःख पैदा गर्छ। यसले जीवनमा अति नै अप्ठ्यारो स्थिति पैदा गरिदिन्छ। सचेतना जीवनका हरेक गतिविधिमा लागू हुन्छ। जीवन गतिशील छ। जीवनका प्रत्येक पलमा कुनै न कुनै गतिविधि चलिरहन्छ। त्यसैले हामीलाई हरेक पल सजगता चाहिन्छ। दिनमा केही बेर ध्यान गरेपछि आफ्नो काम पूरा भयो भन्ने हुँदैन, सजगतालाई जीवनसँग जोड्नुपर्छ। सजगता नै जीवन मार्गको सबभन्दा महत्त्वपूर्ण कला हो। जीवनमा जतिपनि अध्यात्ममार्ग हामीलाई बताइएको छ, सबैको लक्ष्य हामीभित्रको आत्मशक्ति जगाउनु हो। मन्दिर, मस्जिद, गुम्बा, गिर्जाघर, गुरुद्वारा जाने मार्ग होस् वा ध्यान, सत्सङ्ग, कथा, कीर्तन, भजन, योग, तप, साधनामा जाने जुनसुकै मार्ग होस् सबैको लक्ष्य हामीलाई जगाई सचेत गराउनु नै हो। यदि केही गर्दा पनि सचेतना आएन भने हाम्रो सम्पूर्ण गतिविधि व्यर्थ हुन जान्छ। यदि सचेतना आयो भने जीवनमा ठूलो उपलब्धि भयो भन्ने बुझ्नुपर्छ।

हामीहरू जीवनमा जतिपनि आध्यात्मिक क्रिया गर्दछौं, निश्चितरूपले यी क्रियाहरू सचेतनाको लागि अत्यन्त सहयोगी हुन सक्छन्। यी क्रियाहरू नगरी जीवनमा सचेतना आउन असम्भव छ तर क्रिया गर्दा त्यसको उद्देश्य राम्रोसँग थाहा हुनुपर्छ। नत्र हामीहरूलाई केही फाइदा हुँदैन। क्रिया हामीलाई लक्ष्यमा पुर्‍याउने मार्ग हुन्। मार्गमा हिंड्दा हामीलाई थाहा हुनुपर्छ कि हामी कुन ठाउँ पुग्नको लागि यो मार्गमा हिंडिरहेका छौं। यदि हामीलाई कहाँ पुग्ने भन्ने थाहा भएन भने जिन्दगीभरि त्यही बाटोमा भौतारिइरहनेछौं। हामी हाम्रो लक्ष्यमा पुग्न सक्नेछैनौं। प्रायः हामी क्रियाहरूलाई नै अन्तिम लक्ष्य मानेर यसैलाई महत्त्व दिन थाल्दछौं। हामी आफ्नो लक्ष्य के हो भन्ने थाहा नपाई क्रिया गर्न मानिसहरूको भीडमा सम्मिलित हुन्छौं। अरू मानिस मन्दिर गइरहेको देखेर हामी पनि मन्दिर जान त्यही भीडमा सामेल हुन्छौं। अरू मानिसले योगाभ्यास गरेको देखेर हामी पनि योगाभ्यास गर्न थाल्छौं। अरू मानिसले ध्यान गरेको देखेर त्यही देखासिखी ध्यान गरेको नाटक गर्छौं। तर हामीहरूलाई हामी के लक्ष्य प्राप्तिको लागि यी क्रियाहरू गरिरहेका छौं भन्ने थाहा हुँदैन। हामीहरू प्रायः यी क्रिया धन कमाउने उद्देश्य राखेर गरिरहेका हुन्छौं। हामीहरू धन कमाउन लागिरहन्छौं, जति कमाउँछौं त्योभन्दा धेरै कमाउने प्यास बढाउँदै जान्छौं। कहिलेकाहीं किन धन, इज्जत, प्रतिष्ठा कमाइरहेका छौं भन्ने कुरासमेत थाहा हुँदैन। हामीहरू अरूको देखासिखी स्यालको हुइँयामा लागिरहेका हुन्छौं। यसबाट धन, इज्जत, प्रतिष्ठा त प्राप्त हुन्छ तर मानसिक आनन्द प्राप्त हुँदैन। यसलाई सचेतना भनिंदैन बरु यसलाई बेहोशी भनिन्छ। हेर्दा सबैले एउटै क्रिया गरिरहेका हुन्छन् तर त्यही एउटै क्रियाको परिणाम भने अलग–अलग आउन सक्छ। तपाईंले आफूलाई सचेत गर्ने उद्देश्य राखेर ध्यान गरिरहनुभएको छ भने तपाईंलाई लाभ हुनेछ। (क्रमशः)

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा पहिरोमा १४ जनाको मृत्यु, थुप्रै अलपत्र

भारत, १७ असार/एएनआई

भारतको मणिपुरको नोनी जिल्लामा



मणिपुरको नोने रेलवे निर्माणाधीन क्याम्पमा ठूलो मात्रामा पहिरो गएपछि उद्धार गर्दै राहतकर्मीहरू। फोटो : पिटिआई

एक निर्माणाधीन रेलवे साइटको भग्नावशेषमा पुरिएर चौधजनाको मृत्यु भएको छ भने अन्य थुप्रै फसेको आशङ्का गरिएको छ।

"भग्नावशेषबाट २३ जनालाई निकालिएको छ जसमा १४ जनाको मृत्यु भएको थियो। त्यसैगरी अन्यको खोजी जारी छ। कति पुरिएका छन् भन्ने यकीन भएको छैन तर हालसम्म गाउँले, सेना र रेलवे कर्मचारी, मजदुर (गाडिएका) सहित ६० जनाको मृत्यु भएको हुन सक्ने बताएका छन्।

रातभर खोजी तथा उद्धार कार्य जारी रहेको र घटनास्थलमा सघाउन डोजरलगायत इन्जिनीयरिङ उपकरण परिचालन गरिएको छ।

जिरिबमदेखि इम्फालसम्म निर्माणाधीन रेलमार्गको सुरक्षाका लागि नोने जिल्लाको तुपुल रेलवे स्टेशन नजीक तैनाथ भारतीय सेनाको १०७ टेरिटोरियल आर्मीको कम्पनी लोकेशन नजीक बुधवार र बिहीवार राति पहिरो गएको थियो।

भारतीय सेनाको असम राइफल्स र टेरिटोरियल आर्मीका टुपुल रेलवे स्टेशनका सुरक्षाकर्मीहरूले, नोने जिल्ला, मणिपुरको सामान्य क्षेत्रमा प्रतिकूल मौसमको बावजुद दिनभर पहिरो प्रभावितलाई बचाउन उद्धार कार्य जारी राखेका थिए। अहिले भारतीय रेलवे, नागरिक प्रशासन, एनडिआरएफ, एसडिआरएफ र नोनी जिल्लाका स्थानीय पनि खोजी कार्यमा सक्रियतापूर्वक जुटेको जनाइएको छ।

यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीवार मुख्यमन्त्री एन बिरेन सिंहसँग मणिपुरमा लगातार वर्षाका कारण आएको पहिरोको अवस्थाको समीक्षा गर्दै केन्द्र सरकारबाट पूर्ण सहयोगको आश्वासन दिएका छन्।

"मणिपुरका सिएम श्री एन वीरेन्द्र सिंहजीसँग कुरा भयो, दुःखद पहिरोको कारण उत्पन्न स्थितिको समीक्षा भयो। केन्द्रबाट सम्भव हुन सक्ने सबै सहयोगको वाचा गर्दछु। म सबै प्रभावितहरूको सुरक्षाको लागि प्रार्थना गर्दछु। म शोकसन्तप्त परिवारहरूसँग छु। घाइतेहरू छिट्टै निको होउन्"– प्रधानमन्त्री मोदीले ट्वीट गरेका छन्। रासस

# रूस र इन्डोनेशियाका राष्ट्रपतिबीच युक्रेनबारे वार्ता

मस्को, १७ असार/सिन्हवा

युक्रेनको पछिल्लो अवस्था र खाद्य आपूर्तिका विषयमा रूसका राष्ट्रपति भ्लादिमिर पुटिन र इन्डोनेशियाका राष्ट्रपति जोको विडोडोबीच भेटवार्ता भएको छ।

बिहीवार उनीहरूबीच मस्कोमा भएको भेटवार्ताका क्रममा सो विषयमा कुराकानी भएको थियो। पछिल्लो समय विश्वमा नै खाद्यान्नको अभाव भएका समाचारहरू आइरहेका छन्।

रूस र युक्रेनबीच युद्ध शुरू भएपछि विश्वमा खाद्यान्न अभाव भएको बताइएको छ। खाद्यान्न आपूर्ति प्रणालीमा आएको असन्तुलनका कारण खाद्यान्न अभाव भएको बताइएको छ।

साथै बिहीवार उनीहरूबीच भएको वार्तामा कृषि मलको आपूर्तिका विषयमा पनि कुराकानी भएको समाचारमा जनाइएको छ।

त्यस वार्ताका क्रममा रूसी राष्ट्रपति पुटिनले आगामी दिनमा रूसले छिमेकी देश तथा इन्डोनेशियाका लागि आवश्यक कृषि मल उपलब्ध गराउने बताएका क्रेमलिनले जानकारी दिएको छ।

उनले रूस र युक्रेनको पछिल्लो अवस्थाबारे त्यस अवसरमा जानकारी गराएको बताइएको छ। उता अर्को एक समाचारमा युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलिन्स्किले भने रूससँग लड्नका लागि आवश्यक सहयोग उपलब्ध गराउन नेटो राष्ट्रहरूलाई आग्रह गरेका छन्।

उनले नेटोको सम्मेलनलाई हालै सम्बोधन गर्दै युक्रेनका लागि प्रतिमहीना कम्तीमा पनि पाँच अर्ब अमेरिकी डलर सहयोग आवश्यक रहेको बताएका थिए।

**युक्रेनमा दुई बालबालिकासहित अठार जना मारिए**

किएभ/एपी

युक्रेनको बन्दरगाह शहर ओडेसाको आवासीय क्षेत्रमा आज बिहान रूसी सेनाले गरेको क्षेप्यास्त्र आक्रमणमा परी दुईजना बालबालिकासहित १८ जना मारिएका छन्।

रूसी क्षेप्यास्त्रको निशानामा आवासीय बहुतले भवन र मनोरञ्जन क्षेत्र परेको युक्रेनी अधिकारीहरूले बताएका छन्। आक्रमणमा परी ३० जना घाइते भएका छन्। आक्रमणको दृश्यमा जलेका भवनका अवशेष देखिएको छ। युक्रेनी सेनाले आक्रमणकारीहरूलाई भगाएको दाबी गरेको छ।

युक्रेन युद्ध पाँचौं महीनामा प्रवेश गरेको छ। दुई देशबीच द्वन्द्व जारी रहँदा युरोपेली देशमा इन्धन आपूर्ति प्रभावित भएको छ भने खाद्य सङ्कटको चुनौती थपिएको छ। गत सोमवार किएभस्थित किनमेल घरमा भएको भीषण आक्रमणलाई लिएर युक्रेनले रूसमाथि युद्ध अपराधको आरोप लगाएको छ। एक हजारभन्दा बढी सर्वसाधारण किनमेलमा व्यस्त भएका बेला गैरसैनिक क्षेत्रमा रूसी फौजले गरेको आक्रमणको युक्रेनी राष्ट्रपति जेलिन्स्किले निन्दा गरेका थिए।

पाँच महीना अघि नै राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथि गरिएको 'विशेष सैन्य कारबाई' उसको भूमि कब्जाका निम्ति नभई सैन्य सामर्थ्य र हतियार भण्डार नष्ट गर्ने उद्देश्य भएको बताएका थिए। रासस

# पाँच लाख अफगान नागरिक घरवारविहीन हुने जोखिममा

काबुल, १७ असार/एएनआई

आन्तरिकरूपमा विस्थापित हुनेलाई उनीहरूको मूलघर पठाउने सरकारको बढ्दो दबाबका कारण करीब पाँच लाख अफगान परिवार चाँडै घरवारविहीन हुने जोखिम बढेको छ।

नर्वेजियाली शरणार्थी परिषद्का देशीय निर्देशक नील टर्नरका अनुसार करीब चार हजार सर्वसाधारणलाई काबुल र आसपासका घरबाट बाहिर निकालिएको छ। सरकारी दबाब जारी रहेमा दशौं हजार मानिस आवासविहीन हुनेछन् र त्यस्तो अवस्थामा सहायता संस्थाहरूले पनि विस्थापितहरूलाई सहयोग गर्न नसक्ने परिस्थिति उत्पन्न हुनेछ।

अफगानहरू दशकौंको युद्ध, खडेरी, राजनीतिक उथलपुथल र आर्थिक मन्दीबाट विस्थापित भएका छन् भने हालै भूकम्पले उनीहरूको भविष्य तहसनहस भएको छ। ठूला शहरका बाहिरी क्षेत्रमा अस्थायी बसोवास गर्दै आएका उनीहरूलाई सरकारले तुरुन्त त्यहाँबाट बाहिरिन आह्वान गरेको छ। काबुलको बाहिरी इलाका मजार-ए-शरीफ र दाइकुण्डी तथा केही अन्य प्रान्तबाट तालिबानीले धेरै विस्थापितहरूलाई धपाएको आरोप छ। परिषद्का निर्देशकले उपयुक्त विकल्प सुनिश्चित नभएसम्म अनौपचारिक बस्तीहरू बन्द गर्दा पीडितहरू थप प्रभावित हुने र उनीहरू ठूलो जोखिममा पर्ने बताए।

गत वर्षको द्वन्द्वले सात लाखभन्दा बढी अफगानी आफ्नो घर छोड्न बाध्य भएका तथा विगतमा विस्थापित भएका ५५ लाख घरवारविहीनमा ती थपिएका अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम)ले जनाएको छ। विशेषगरी महिला र केटीहरू बढ्दो सुरक्षा जोखिमको सामना गरिरहेका छन्।

सन् १९९० देखि २००१ सम्म देशमा शासन गरेको तालिबानीले गत वर्ष त्यहाँबाट अन्तर्राष्ट्रिय सेना फिर्ता भएपछि शासनसत्ता पुनः आफ्नो हातमा लिएको छ। देश अहिले प्रणालीगत पतनको छेउमा पुगेको छ। देशको आधाभन्दा बढी जनसङ्ख्यालाई मानवीय सहायता अति आवश्यक देखिएको छ तर सहायता प्राप्त हुने लक्षण छैन। गरीबीमा डुबेका अफगान नागरिक इरान र पाकिस्तान पलायन भएका छन् भने आगामी दिनमा पनि त्यो क्रम जारी रहने सम्भावना छ। जीविकोपार्जन जटिल बन्दै जाँदा उनीहरू विकल्पविहीन भएका छन्, जसले विस्थापन र आप्रवासन समस्या अझ जटिल बनेको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – भयचिन्ता | वृष – मित्रमिलन |
| मिथुन – अतिथिआगमन | कर्कट – सुयश |
| सिंह – खर्चवृद्धि | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – राज्यलाभ |
| धनु – वादविवाद | मकर – व्यापारवृद्धि |
| कुम्भ – शत्रुपराजय | मीन – ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


घरबाट निस्केको फोहोर डस्टबिनमा फालौं,
सभ्यताको परिचय दिऔं।

वीरगंज महानगरपालिका कार्यालय


# खरीद बिल नदेखाउने नौवटा पसललाई कारबाई

प्रस, वीरगंज, १७ असार/

वाणिज्य, आपूर्ति तथा उपभोक्ता



बाराको कलैयामा पसल अनुगमन गर्दै टोली। तस्वीरः सौजन्य

संरक्षण कार्यालय, वीरगंजले शुक्रवार बाराको कलैया बजारमा अनुगमन गरी नौवटा पसललाई कारबाई गरेको छ।

वाणिज्य कार्यालयको अगुवाइमा जिल्ला प्रशासन, प्रहरी, गुणस्तर तथा नापतौल, घरेलु, उद्योग वाणिज्य सङ्घ सम्मिलित टोलीले खरीद बिल नदेखाएको, अनुगमनमा असहयोग गरेको, कुनै पनि कैफियतमा नभएका नौवटा फर्मलाई कारबाई गरेको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंजका सूचना अधिकारी दीलिपखड्ग खत्वेले बताए।

उनले कलैया उपमहानगरपालिका-१ मा रहेको पोशाक इम्पोरियम, खुश्बु साडी सेन्टरलाई जनही रु २० हजार, न्यु नवीन वस्त्रालय र प्रियङ्का रेडिमेडलाई रु १० हजार, जवाहरलाल हार्डवेयर, गौरीशङ्कर सप्लायर्स, चौधरी किरानापसललाई जनही रु पाँच हजार, कलैया-६ मा रहेको जयबाबा अमरनाथ किराना भण्डार, श्री क्यान वस्त्रालयलाई जनही रु तीन हजार जरिवाना गरिएको बताए। जरिवाना गरिएका फर्महरूलाई सात दिनभित्र राष्ट्रिय वाणिज्य बैंकमा रकम दाखिला गरी भौचर कार्यालयमा पेश गर्न अन्यथा थप जरिवाना हुने बताइएको छ।

# नेकाका जनप्रतिनिधिका कारण गाउँसभा हुन सकेन -अध्यक्ष सिंह

प्रस, रौतहट, १७ असार/

दुर्गा भगवती गाउँपालिकामा नेपाली काङ्ग्रेसका जनप्रतिनिधिका कारण गाउँसभा हुन नसकेको गाउँपालिकाका अध्यक्ष शम्भुकुमार सिंहले आरोप लगाएका छन्।

नेकाका जनप्रतिनिधिले गैरकानूनी कार्य गराउन दबाबस्वरूप १० बुँदे माग राखी गाउँसभा हुन नदिएको उनले बताए। निवर्तमान अध्यक्षले नियुक्त गरेका कर्मचारी नहटाउन, काम नै नगरेका संस्थाको बीलको भुक्तानी दिन, पेश्की फछ्र्योट गर्न, विगतका विभिन्न योजनाको अनुगमन नगरीकनै भुक्तानी दिनलगायतका मागहरू राखी गाउँसभालाई प्रभावित गरेको आरोप अध्यक्ष सिंहले लगाएका छन्।

दुर्गा भगवती गाउँपालिकामा नेकाको बहुमत रहेकोले आफूखुशी गैरकानूनी कार्य गराउन गाउँसभालाई रोकेको उनले बताए।

# कारागारलाई पानी शुद्धीकरण मेशिन सहयोग

प्रस, वीरगंज, १७ असार/

लायन्स क्लब अफ वीरगंज





मिलेनियम एमजेएफले शुक्रवार बन्दी सुधारगृह (वीरगंज कारागार)का कैदीबन्दीहरूको लागि पानी शुद्धीकरण मेशिन प्रदान गरेको छ।

लायन्स क्लबका डिएन अग्रवाल, सुमन श्रेष्ठलगायतले वीरगंज कारागारका जेलर कृष्ण गैरेलाई सो मेशिन हस्तान्तरण गरे।

कैदीबन्दीहरूलाई शुद्ध पानी उपलब्ध होस् भन्ने उद्देश्यले हरिनारायण काबरालेपानी शुद्धीकरण मेशिन सहयोग गरेको लायन्स क्लब मिलेनियम एमजेएफका अध्यक्ष सुमन श्रेष्ठले बताए।

विपिन पोखरेलको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण रोहिणी आचार्यले गरेकी थिइन्। कार्यक्रममा पशुपति विक्रम शाह, उषा शाहलगायतको सहभागिता थियो।

# बैंकिङ कसूरमा फरार ठाकुर पक्राउ

प्रस, वीरगंज, १७ असार/

बैंकिङ कसूर मुद्दामा फरार भएका वीरगंज महानगरपालिका-१ निवासी दशरथ ठाकुर हजामलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले





जनाएको छ।

ठाकुरले चितवनको भरतपुर नगरपालिका-४ मा गढीमाई सप्लायर्स सञ्चालन गर्दै रु ४५ लाखको उधारो कारोबार गरी फरार भएको तिलकराम गुप्ताको उजूरीको आधारमा ठाकुरलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

उच्च अदालत पाटनको हेटौंडा इजलास र संयुक्त वाणिज्य इजलासले रु १२ लाख २६ हजार जरिवाना र सात दिनको कैद तोकेपछि ठाकुर फरार भएका हुन्। उनलाई वडा प्रहरी कार्यालय, बिर्तालेहिजो पक्राउ गरी पर्सा जिल्ला अदालतमा बुझाएको जिप्रका, पर्साले जनाएको छ।

## पर्साका तीनवटा पालिका......

छ तर मिति भने तय भइसकेको छैन।

धोबिनी गापामा पनि जनप्रतिनिधिहरूबीच विवादले नीति तथा कार्यक्रम प्रस्तुत हुन सकेको छैन। छिपहरमाई गापामा भने अध्यक्ष गापा कार्यालयमा अनुपस्थित रहेका कारण नीति तथा कार्यक्रम प्रस्तुत हुन नसकेको बताइएको छ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत शम्भु साहले गापा अध्यक्ष गुप्ता कार्यालयमा अनुपस्थित रहेका कारण नीति तथा कार्यक्रम प्रस्तुत हुन ढिलो भइरहेको बताए।

## रक्त र रक्तसञ्चार....

ब्लडप्रेसर भनिन्छ। यसलाई पिचकारीको उदाहरणले बुझौं। पिचकारीको पिस्टल दाबेर मानिसमाथि रङ्गको बौछार गरिन्छ। पिस्टल जुन बलले ठेलिन्छ त्यो सिस्टोलिक ब्लडप्रेसर हो। अब पिचकारी खाली हुन्छ र त्यही पिस्टल तानेर फेरि त्यसमा रङ्ग भरिन्छ। जुन बलले पिस्टललाई माथि तानिन्छ त्यो डायस्टोलिक प्रेसर हो। यसलाई अझ थप बुझ्न ताँगावालाले भोंपु बजाउन एउटा सानो रबरको बल्ब थिच्छ। रबर थिचिने प्रक्रिया सिस्टोलिक र हातको जति बल लागेको छ त्यसलाई सिस्टोलिक प्रेसर भनिन्छ। अब ताँगावालाले हात छाडिदिन्छ। बल्ब पुनः पूर्व अवस्थामा पुग्छ। पूर्ववत् हुने क्रियामा बाह्य दबाबले हावा आफूभित्र तान्छ। यस प्रक्रियालाई डायस्टोल भनिन्छ र जति फोर्सले हावा भित्र छिर्छ त्यसलाई डायस्टोलिक प्रेसर भनिन्छ। रबर जति लचिलो छ त्यति छिटो पूर्व अवस्थामा आउँछ, छैन भने आउँदैन वा बिस्तारै आउँछ। अब यसैलाई मुटुमा लागू गर्नुस्। फरक यति मात्र हुन्छ कि त्यहाँ कुनै ताँगावाला हुँदैन, मुटु आफैं थिचिन्छ। दोस्रो फरक यो छ कि मुटुको मामलामा हावा होइन रगत हुन्छ। यही सिस्टोलिक प्रेसर धमनीमा प्रोपागेट गर्छ। अब कुरा उठ्छ कि यसलाई नाप्ने कसरी ? ताँगामा भोंपु बज्ने जुन आवाज आउँछ त्यो सिस्टोलिक प्रेसरको आवाज हो जुन हावा पाइपमा ठोकिनाले हुन्छ। जब ताँगावालाले हात छोड्छ तब आवाज हराउँछ। यो आवाज हराउने कुरा र बिन्दु डायस्टोलिक प्रेसर हो। अब ब्लडप्रेसरलाई हेर्नुस्। कुहिनाको अगाडिको खाल्डोमा आला राखेर ब्लडप्रेसर मेशिनको कफमा यति हावा भर्नुस् कि आलामा कुनै आवाज नसुनियोस्। अब बिस्तारै कफको हावा कम गर्दै जानुस्, एक बिन्दुमा आवाज सुनिन थाल्छ। त्यही बिन्दु सिस्टोलिक प्रेसर हो। आवाज सुन्दै जानुस्, कफमा हावा कम गर्दै जानुस्। एउटा बिन्दु आउँछ जहाँ आवाज हराउँछ। त्यही बिन्दु डायस्टोलिक प्रेसर हो। धमनीको लचिलोपन कम भएपछि स्वभावतः डायस्टोलिक प्रेसर बढेको बढ्यै हुन्छ किनभने ताँगाको बल्बजस्तो आफ्नो स्वाभाविक स्थितिमा आउँदैन। सिस्टोलिक १२० मिमी, मर्करी नर्मल र १५० भन्दा बढी खतरा हुन्छ। डायस्टोलिक ८० मिमी आफ मर्करी नर्मल र ९० भन्दा बढी खतरा हुन्छ। धमनी वा शिराको लचिलोपन त्यसमा बोसो जम्मा हुँदा कम हुन्छ, जुन मोटोपन र बुढ्यौलीको स्वाभाविक प्रक्रिया हो। यस अवस्थामा ब्लडप्रेसर बढेर जान्छ।

पाठकवृन्द रक्तसञ्चार प्रणाली एक महासमुद्र हो तर मोती भने यति नै हो।

– छपकैया, वीरगंज

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो ३:४० बजे



वीरगंज महानगरको मेनरोड दृश्य हो । घण्टाघरदेखि माईस्थानबीच पर्ने बराल मार्केटअगाडि पुरानो कल्भर्ट हटाएर ह्युमपाइप जडान गरिँदैछ । यही सडकखण्डमा महानगरले बिग्रेको सडक मरम्मत गरेर कालोपत्रको तयारी गर्दैछ । लामो समयदेखि सडक बिग्रिएको र कल्भर्ट भत्किएको कारण यो क्षेत्रबाट आवतजावत गर्न समस्या भइरहेको छ । तस्वीर: नितेश कर्ण

# बज्जी पत्रिकाको विमोचन

प्रस, गरुडा, १७ असार/

रौतहटको गढीमाई नगरपालिकाका प्रमुख श्यामप्रसाद यादवले बज्जी साहित्यिक त्रैमासिक पत्रिकाको विमोचन गरेका छन् । गढीमाई नगरपालिकाको कार्यालयमा नगरप्रमुख यादव र त्रैमासिकका प्रधानसम्पादक सञ्जय साह मित्रले संयुक्तरूपमा विमोचन गरेका हुन् ।



तस्वीर: प्रतीक

जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा दर्ता भएर प्रकाशन भइरहेको बज्जी पत्रिकाको छैटौं अङ्कको विमोचन गर्दै नगरप्रमुख यादवले पत्रिकाले बज्जिका भाषा र साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिइरहेकोले आफूले सहयोग गर्ने बताए ।

सर्लाही, रौतहट र बारा जिल्लाका बज्जिका साहित्यकारहरूका विभिन्न विधाका रचनाहरू समेटिएको पत्रिका नेपाल र भारतका बज्जिका साहित्यकारबीच परिचित रहेको छ ।

स्थानीय लोकसाहित्यलाई प्राथमिकता दिइरहेको बज्जी पत्रिकाले नवप्रतिभालाई प्रोत्साहन गर्ने काम गरिरहेको प्रधानसम्पादक मित्रले जानकारी गराए ।

कार्यक्रममा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्रप्रसाद यादव तथा पत्रिका व्यवस्थापक किशुनदयाल श्रीकृष्णले जनस्तरमा पत्रिका पुऱ्याउन आवश्यक रहेको र आफ्नो भाषा तथा संस्कृतिको विषयमा सबैले चासो राख्नुपर्ने धारणा राखेका थिए ।

# गिट्टी, बालुवा ओसार्ने पाँचवटा सवारीसाधन नियन्त्रण

प्रस, पंचगावाँ, १७ असार/

सखुवाप्रसौनी गाउँपालिका अन्तर्गत जमुनिया खोलाबाट अवैधरूपमा गिट्टी, बालुवा उत्खनन गरी तस्करी गरिरहेको



प्रहरीले नियन्त्रणमा लिएको टचाक्टर । तस्वीर: प्रतीक

सूचना पाएपछि गापा कार्यालयका कर्मचारी र जनप्रतिनिधिको टोलीले तीनवटा टचाक्टर र दुईवटा टिपर बिहीवार राति नियन्त्रणमा लिएको छ ।

टोलीले प्र-०३-००१क०४३८ र ना.८ख ८८७ नम्बरका दुईवटा टिपर र ना.७त ५९८७, प्रदेश-०२-०३-००१त१९६३ र ना.५त ४४८२ नम्बरका तीनवटा टचाक्टर नियन्त्रणमा लिएको गापा अध्यक्ष यशवन्त यादवले बताए । उनले अवैधरूपमा गिट्टी, बालुवा ओसारपसार गरेपछि नियन्त्रणमा लिएको बताए । तीनवटा टचाक्टरलाई जनही रु एक हजारको दरले जरिवाना तिराएर पहिलोपटकको लागि छाडिएको उनले बताए । तर गापामा राखिएका दुईवटा टिपर आज बिहान ९:३० बजे तस्करहरूले लिएर भागेको अध्यक्ष यशवन्त यादवले बताए ।

यस विषयमा जिल्ला प्रशासन कार्यालय, पर्सामा जानकारी गराइएको उनले बताए ।

# पूर्वप्रअ तथा विव्यस अध्यक्षहरू सम्मानित

प्रस, गरुडा, १७ असार/

रौतहटको गरुडा नपा-४ स्थित श्री माध्यमिक विद्यालयले विद्यालयको स्थापनाकालदेखिका प्रधानाध्यापकर विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई सम्मानित गरेको छ ।

विद्यालयका प्रधानाध्यापक प्रभु राउत पटेलको अध्यक्षतामा भएको कार्यक्रममा नगरप्रमुख कन्थमणिप्रसाद कलवारले करीब एक दर्जन मानिसलाई सम्मानित गरेका थिए ।

विद्यालयको स्थापनाकालदेखिका प्रधानाध्यापकहरू अनुठा साह बनिया, हृदयनारायण साह, गन्देश्वरप्रसाद सिंह, हरिनारायण साहलाई सम्मानित गरिएको थियो ।

यसैगरी, स्थापनाकालदेखिका विव्यसका अध्यक्षहरू मेथुर चौधरी, रामप्रसाद साह, वंशीराम जयसवाल, भुवनेश्वरराम जयसवाल, रामकृष्ण चौधरी, चुनचुनप्रसाद साहलाई पनि सम्मानित गरिएको थियो ।

विद्यालयको इतिहासमा पहिलोपटक स्थापनाकालदेखिका प्रअ तथा अध्यक्षलाई सम्मानित गरिएको हो । केही प्रअ तथा विव्यसका अध्यक्षहरूको मृत्यु भइसकेकाले मरणोपरान्त सम्मानित गरिएको थियो । दिवङ्गत व्यक्तित्वहरूको



तस्वीर: प्रतीक

सम्मानपत्र निजका प्रतिनिधिहरूलाई हस्तान्तरण गरिएको थियो ।

यसैगरी, विद्यालयले दुईजना जग्गादातालाई पनि सम्मानित गरेको छ । विद्यालयले गरुडा नपाका नवनिर्वाचित प्रमुख कन्थमणिप्रसाद कलवार, उपप्रमुख पूनमकुमारी चौधरी र वडाध्यक्ष सुनीलकुमार जयसवाललाई पनि सम्मानित गरेको थियो ।

सम्मान कार्यक्रममा नगरप्रमुख कलवारले जिल्लाको नमूना विद्यालयको रूपमा पहिचान बनाइरहेको सन्दर्भमा विद्यालयमा देखिएका समस्याहरूलाई समाधान गर्न आफूले सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

नगरप्रमुख कलवारले विद्यालयको चौतर्फी विकासमा सबैको साथ र सहयोगको आवश्यकता रहेको र नगरप्रमुखको हैसियतले विद्यालयको समस्या समाधान गर्न आफू चौबीसैं घण्टा तयार रहेको बताउँदै गुणस्तरीय शिक्षामा विद्यालयले पनि जोड दिनुपर्ने बताए ।

# समर्पणद्वारा विद्यालयलाई पङ्खा सहयोग



तस्वीर: सौजन्य

प्रस, वीरगंज, १७ असार/

समर्पण सेवा संस्थाले त्रिभुवन हनुमान मावि, वीरगंजलाई पङ्खा सहयोग गरेको छ ।

संस्थाका प्रतिनिधि डा दीपेन्द्र चौधरी र नीरज मल्लिकले शुक्रवार विद्यालयका प्रअ घनश्याम मिश्र र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल केडियालाई १० थान पङ्खा हस्तान्तरण गरे । गर्मीमा पठनपाठन प्रभावित भएकोले सहजता प्रदान गर्न संस्थाले पङ्खा सहयोग गरेको समर्पण सेवाका प्रतिनिधि डा चौधरीले बताए ।

समर्पण सेवा संस्था स्व विश्वनाथ शाहले स्थापना गरेको र यसले विभिन्न सामाजिक कार्य गर्दै आएको छ ।

# न्यायाधीशद्वारा न्यायिक समितिको निरीक्षक

प्रस, वीरगंज, १७ असार/

पर्सा जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अर्यालले वीरगंज महानगरपालिकाको न्यायिक समितिको निरीक्षण गरेका छन् ।



वीरगंज मनपाको न्यायिक समितिमा न्यायाधीशहरू । तस्वीर: प्रतीक

निरीक्षणको क्रममा न्यायाधीश अर्यालले न्यायिक समितिमा दर्ता भएका उजूरीमाथि समितिले प्रक्रिया पुऱ्याएर सम्पादन गर्नुपर्ने भन्दै नगर उपप्रमुख इम्तियाज आलमलाई सुझाव दिए । उनले न्यायिक कारबाई र किनाराका सम्बन्धमा कार्य विधिवत् प्रक्रिया पुऱ्याउनुपर्ने बताए ।

कार्यक्रममा पर्सा जिल्ला अदालतका शाखा अधिकृत सूर्यबहादुर राणा, नासु दीपक पौडेल, वीरगंज मनपाका कार्यपालिका सदस्य कन्हैया ठाकुर, उजूरी प्रशासक अधिवक्ता धनबहादुर थापा लगायतको सहभागिता रहेको उपप्रमुखका प्रेस सल्लाहकार म. सदाबले बताए ।


## योग्यतामा आधारित छनोट प्रणालीको सम्मान गरौं

'योग्यता, स्वच्छता, निष्पक्षता-लोकसेवा आयोगको प्रतिबद्धता'

- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारमा समान अवसरको सदुपयोग गरौं ।
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण निर्माण गरौं ।
- निर्भीक एवं निष्पक्षरूपमा राष्ट्रको सेवा गर्ने अवसर प्रयोग गरौं र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## यसरी बनें ......

**वीरगंज**

राधेमाइमा वर्कशप खोलेको झन्डै डेढ वर्ष भयो । शुरूको केही महीना काम थिएन । बिस्तारै सेवाग्राही बढ्दै गएका छन् । तन, मनले काम गर्ने मेरो बानी छ । अहिले सन्तोषजनक काम पाइरहेको छु ।

सेवाग्राही सन्तुष्ट भए मात्र आफूलाई सन्तुष्ट ठान्छु । अहिले पनि काठमाडौंका धेरैजसो सेवाग्राहीको फोन आउँछ । काठमाडौं आउन भन्छन् ।

काठमाडौं रिटर्न मोटरसाइकल वर्कशप नामबारे वीरगंजका सेवाग्राहीहरू सोध्छन् । कतिपयले भिन्दै अर्थ लगाउँछन् । तर त्यसो होइन । मोटरसाइकलसम्बन्धी वर्षौंको अनुभवका साथै काठमाडौंमा काम गरेको छु भन्ने आशयले वर्कशपको यो नाम राखेको हुँ । रक्सौल मेरो घरपायक शहर हो । यद्यपि धेरै वर्षदेखि नेपालमा काम गरिरहेकोले नेपालबाहेक अन्यत्र जान पनि सक्दिनँ ।

## बिजुली बेचेर......

देउवाको भारत भ्रमणका क्रममा नेपाल-भारतबीच ऊर्जा क्षेत्रमा सहकार्यसम्बन्धी संयुक्त दृष्टिकोण पत्र जारी भएको थियो । त्यसलगत्तै विद्युत् प्राधिकरणले थप चार जलविद्युत् गृहबाट उत्पादित विद्युत् भारतमा निर्यातका लागि स्वीकृति पाएको थियो ।

भारतको केन्द्रीय विद्युत् प्रणाली अन्तर्गत दैनिक विद्युत् बजार (डे अहेड मार्केट)मा विद्युत् बिक्री गरिन्छ । प्राधिकरणले हरेक दिन बिहान १० देखि मध्याह्न १२ बजेसम्म एक्सचेन्ज बजारमा बिक्री गरिने विद्युत्को परिमाणसहित बिडमा प्रतिस्पर्धा गर्छ ।

विद्युत् प्रणालीमार्फत तय हुने 'मार्केट क्लियरिङ प्राइस'का आधारमा विद्युत्को प्रतियुनिट बिक्रीदर तय हुन्छ । प्रतिस्पर्धी दर तय भएपछि रातिको १२ देखि अर्को दिनको रातको १२ बजेसम्म अर्थात् २४ घण्टा विद्युत् निर्यात गरिन्छ ।

प्राधिकरणका तर्फबाट एक्सचेन्ज बजारको सम्पूर्ण कारोबार नेपालसँगको विद्युत् व्यापारका लागि तोकिएको सम्पर्क निकाय एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)ले गर्छ । एनभिभिएनले हरेक दिनको कारोबारसम्बन्धी विवरण प्रत्येक दिन साँझ ६ बजे प्राधिकरणलाई पठाउँछ । सोही आधारमा बिजुली बिक्री हुन्छ । वर्षाको समयमा विशेषगरी रातको समयमा खेर जाने बिजुली निर्यातका लागि पनि प्राधिकरणले पहल गरिरहेको छ ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | जिपी फाउन्डेशन | फलफूल वितरण | नारायणी अस्पताल | ७:३० बजे |

